जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com


देशप्रेम प्रकाशन प्रा.लि.द्वारा प्रकाशित

वर्ष २७ अंक २८ २०८२ कार्तिक २३ गते आइतबार (Nov. 9, 2025 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।


### राष्ट्रपतिको भदौ २७ को कदमले देश अस्तब्यस्त हुने तिर

# संसदको पुनर्स्थापना एकमात्र बिकल्प

काठमाडौं । राष्ट्रपतिको रामचन्द्र पौडेलले गत भदौ २७ गते चाल्नु भएको कदम असंवैधानिक भएको चौतर्फी आवाज उठेको छभने सो कदमले देश अस्तब्यस्त हुने अवस्था सिर्जना भएको छ । संसदको बर्षे अधिवेशन जारीरहेकै अवस्थामा उहाँले चालु संसद र सर्बोच्च अदालतको समेत परामर्श नलिइ संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गर्ने र त्यसरी नियुक्त प्रधानमन्त्रिको एकल सिफारिसका आधारमा संसद बिघटन गर्नुभएको थियो । हालसम्म आगामी फागुन २१ गते निर्वाचन गराउने भनिएको सरकार र देशका प्रमुख दलहरुकाबीचमा सहमति कायम हुनसकिरहेको छैनभने गत भदौ २३ र २४ गते आन्दोलन गरेको दाबिगर्ने बिभिन्न समूहहरु पनि बर्तमान सरकारसँग रुष्ठ बन्दैगएको देखिएको छ । जसलेगर्दा अब फेरी संसद पुनर्स्थापना गराउनुको अर्को बिकल्प



नहुने राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । सर्बोच्च अदालतमा संसद पुनर्स्थापनाको मागगर्दै पेशभएका १६ भन्दा बढी रिट निवेदनमा बहस जारी छ । सर्बोच्चले गत १२ गते सातदिने कारण देखाउ आदेश जारी गरेकोमा हालसम्म सरकारले प्रत्युत्तरसमेत दिन सकिरहेको छैन । राष्ट्रपतिले चालेको कदमका कारण बिभिन्न दलहरुमा बिभाजन हुने र आन्तरिक खिचलो बढ्नेक्रम जारी छ । जसलेगर्दा दलहरु निङ्गरर्स्वाचनमा भाग लिन नसक्ने अवस्था सिर्जना भएको छ । सरकारले शान्ति सुरक्षाको भरपर्दो व्यवस्था गर्नुपर्ने माग बढ्दो छ । संसद विघटनलाई असंवैधानिक दाबीगर्दै आएको एमालेले आगामी मंसिर छगतेपछि देशब्यापि प्रदर्शनको कार्यक्रमसमेत राखेको छ । एमालेले सर्बोच्च अदालतबाट संसद पुनर्स्थापना नभए राष्ट्रपतिलेनै संसद पुनर्स्थापना गर्नुपर्ने मागलाई अगाडि सारेको छ । गत दोश्रो संविधान सभाको निर्वाचन देखिनै बहिष्कार गर्दैआएका क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल लगायतका दलहरुले फेरी पनि सक्रिय बहिष्कारगर्ने संकेतहरु देखिएका छन् । बिघटित संसद बाहिर रहेका दलहरुलाई चुनावी सरकारकी प्रधानमन्त्रि सुशीला कार्कीले बेवास्ता गरेकोभन्ने लगायतका आवाजहरु उठेका छन् । जेनजी आन्दोलनपछि संसद विघटन तथा नयाँ निर्वाचनको एजेन्डामा सहमतिगर्न सक्रिय रहेका कतिपय समूहलेनै यथास्थितिमा निर्वाचन हुननदिने चेतावनी दिन थालेका छन् । **बाँकी ८ पेजमा**

## माओवादी केन्द्र र माओवाद परित्याग

काठमाडौं । तत्कालीन माओवादी केन्द्रका महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमलले गतसाता माओवादी केन्द्र र माओवाद परित्याग गरेको बिषयलाई लिएर बिभिन्न किसिमका चर्चा परिचर्चाहरु हुनथालेका छन् । दाहालले माओवादको आबरणमा नेपालको कम्युनिष्ट आन्दोलन र समग्र देशलाईनै अस्तब्यस्त बनाउने काम गरेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । नेपालमा कम्युनिष्ट पार्टी स्थापना भएको ४६ वर्षपछि पुष्पकमल दाहालको नेतृत्वमा सशस्त्र द्वन्द शुरुभएको थियो । माओवादी बिचारका आधारमा जनयुद्ध शुरुभएको १० वर्षपछि त्यसलाई भारतको नयाँ दिल्लीमा लगेर बिसर्जन गरिएको थियो । ०६५ पछि संसदवादी राजनीतिक दलहरुकोसमेत सहभागितामा मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपनि हाल त्यसलाईसमेत संकटग्रस्त बनाइएको छ । माओवादी केन्द्रको यात्रा ०५२ सालको जनयुद्धबाट शुरुभएर ०६२/६३ को शान्तिसम्झौताहुँदै सिंहदरबारको सत्तासम्म पुगेको थियो । सशस्त्र द्वन्द समाप्त गरेर संसदीय राजनीतिमा प्रवेश गरेको माओवादी २० वर्षयता सत्ताबाहिर बिरलै **बाँकी ८ पेजमा**

## दश वाम शक्तिबीच पार्टी एकताको घोषणा

काठमाडौं । माओवादी केन्द्र र एकीकृत समाजवादी सहितका दश वाम शक्तिबीच गतसाता पार्टी एकताको घोषणा भएपनि हालसम्म नयाँ पार्टीले पूर्णता पाउन सकेको छैन । गतसाता बुधबार काठमाडौंको भृकुटीमण्डपमा आयोजित कार्यक्रममा माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेकपा (माओवादी समाजवादी) र नेकपा (साम्यवादी)लगायत वाम पार्टीबीच एकताको घोषणा गरिएको थियो । एकता घोषणापछि एकीकृत पार्टीको नाम नेपाली कम्युनिष्ट पार्टी राखिएको थियो । एकता घोषणासभामा तत्कालीन माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका वरिष्ठ नेता झलनाथ खनाल र वामदेव गौतम, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव, नेपाल कम्युनिष्ट पार्टीका महासचिव चिरन **बाँकी ८ पेजमा**

## एमालेद्वारा देशब्यापि शक्ति प्रदर्शनको तयारी

काठमाडौं । एमालेद्वारा देशब्यापि शक्ति प्रदर्शनको तयारी गरिरहेको थाहाभएको छ । यसैक्रममा एमालेका अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी ओलीले राष्ट्रपति रामचन्द्र पौडेलले नै विघटित प्रतिनिधिसभा पुनः स्थापना गर्नुपर्ने बताउनुभएको छ । काठमाडौंमा हालै आयोजित बुद्धिजीविहरुसँगको भेलामा बोल्दै उहाँले राष्ट्रपति पौडेलले असंवैधानिक ढंगले प्रतिनिधिसभा विघटन गरेकाले पुनःस्थापना पनि उहाँलेनै गर्नुपर्ने तर्क गर्नुभएको थियो । अध्यक्ष ओलीले प्रतिनिधिसभा पुनःस्थापना अदालत गरेनभने पनि राष्ट्रपतिले गर्नुको विकल्प नरहेको जिकिर पनि गर्नुभएको थियो । उहाँले आफ्नो पार्टीको प्रतिनिधिसभा पुनःस्थापनाको माग सही भएको जिकिरगर्दै त्यसको पक्षमा आम नेपाली जनता उभिनुपर्ने दाबिसमेत गर्नुभएको थियो । उहाँले वर्तमान सरकार असंवैधानिक भएकाले यसको कुनै हैसियत नभएको टिप्पणी पनि गर्नुभएको थियो ।– यसैक्रममा एमालेले प्रतिनिधिसभा पुनर्स्थापनाका लागि दबाब बढाउनभन्दै आन्दोलनका बिभिन्न कार्यक्रम सार्वजनिक गरेर कार्यकर्तालाई सोही अनुसारको निर्देशन दिइसकेको **बाँकी ८ पेजमा**

## बिध्वंश मच्चाउनेहरु पक्राउपर्ने क्रम जारी

काठमाडौं । सरकारले गत भदौ २३ र २४ गते बिध्वंश मच्चाउनेहरुलाई पक्राउपर्नेक्रम जारीराखेको छभने त्यसबाट धेरै रहस्यहरु खुलेको बताइन्छ । हालै प्रहरीले ग्याँस गनसहित एकजनालाई पक्राउगरी सार्वजनिकसमेत गरेको छ । पक्राउपर्नेमा कैलाली जानकी-१ दुर्गौली घरभई हाल काठमाडौं महानगरपालिका-३२ सहयोगीनगरबस्ने मनोज ढुंगाना रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभएको छ । प्रदर्शनकाक्रममा बिभिन्न प्रहरी कार्यालयबाट लुटिएको हतियार तथा गोलीगट्ठाहरुमध्ये निज ढुंगानाले आफ्नो कोठामा लुकाइ राखेकोभन्ने विशेष सूचनाको आधारमा निजलाई पक्राउ गरिएको थियो । निजको साथबाट प्रहरीले ११००६०८१ नम्बर भएको कोरियामा बनेको एन्टी रायट गन ३८ मिमी लेखिएको मल्टी ग्याँस गन एकथान, भीड नियन्त्रणमा प्रयोग हुने लेगगार्ड एकथान तथा सामसुङ कम्पनीको मोबाइल एकथान बरामद गरेको **बाँकी ८ पेजमा**

## जेनजी आन्दोलनले वैदेशिक रोजगारीमा असर

काठमाडौं । गत भदौमा भएको जेनजी आन्दोलनले नेपालको वैदेशिक रोजगारीमा प्रत्यक्ष नकारात्मक असर गरेको बताउन थालिएको छ । यसैक्रममा प्राप्त एक समाचारअनुसार संयुक्त अरब इमिरेट्स (यूएई)को मानव संसाधन तथा इमिराती मन्त्रालयले जारीगरेको वर्क परमिट (श्रम अनुमति) प्राप्त झन्डै पाँचहजार नेपाली श्रमिक यूएई जान रोकिएका छन् । उनीहरुको वर्क परमिटको अवधिसमेत सकिन लागेको छ । गत भदौ २४ गतेको प्रदर्शन र जेलबाट नेपाली भागेपछि यूएईले नेपालीका लागि श्रम र भिजिट भिसा दिनरोकेको थियो । यूएईको उक्त नीतिका कारण वर्कपरमिट प्राप्त नेपाली विदेश जानबाट रोकिएका हुन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवन गुरुङको नेतृत्वको एक टोलीले **बाँकी ८ पेजमा**

## दुर्गा प्रसाईंसँग वार्तागर्न पत्राचार

काठमाडौं । आगामी मंसिर सात गतेबाट काठमाडौं उपत्यका लगायत देशैभर आन्दोलनगर्ने उद्घोष गर्नुभएका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई सरकारले वार्ताका लागि पुनः आह्वान गरेको छ । यसअघि विज्ञप्तिमार्फत वार्तामा बोलाएको सरकारले गतसाता मंगलबार भने प्रसाईंको नागरिक बचाउ महाअभियानको कार्यालयमै पुगेरपत्र आगामी २६ गतेको वार्ताका लागि बुझाएको थाहा भएको छ । गृहमन्त्रालयले लेखेको उक्त पत्र जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रशासकीय अधिकृत तारानाथ फुल्लेलले नागरिक बचाउ महा अभियानको भक्तपुरस्थित कार्यालय पुगेर केन्द्रीय प्रवक्ता माधव कल्पितलाई बुझाउनुभएको थियो । हाल प्रसाईं देशबाहिर रहेकोभन्दै उहाँ स्वदेश फर्किएपछि केन्द्रीय समितिको बैठक बसेर वार्ताका विषयमा अवधारणा सार्वजनिकगर्ने बताइएको थियो । नेपालमा आन्दोलन घोषणा गरेका प्रसाईं गतसाता भारतको नयाँ दिल्लीमा पुगेको र सिंगापुर जानेतयारी गरिरहेको **बाँकी ८ पेजमा**

## बैकल्पिक कम्युनिष्ट पार्टी बनाउन नयाँ पहल

काठमाडौं । नेपालमा हालैका दिनमा बैकल्पिक कम्युनिष्ट पार्टी बनाउन नयाँ पहल थालिएको छ । जसअनुसार क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल र लोकनारायण सुवेदी संयोजक रहेको नेकपाबीच गत साता पार्टी एकताका लागि प्रारम्भिक वार्ता भएको थियो । हिजोबाट उक्त नेकपाको



केन्द्रिय समितिको बैठक धनुषाको ढल्केबरमा शुरुभएको छ । बैठकले पार्टी एकताका आधारहरु तयारगर्ने बताइएको छ । त्यसैगरी माओवादी केन्द्र र एकीकृत समाजवादीका बिद्रोही नेताहरुले गत शुक्रबार नेकपाका महासचिव नेत्रबिक्रम चन्दसँग छलफल गर्नुभएको थियो । नेकपाका महासचिव नेत्रविक्रम चन्द, माओवादी केन्द्रका नेता तथा प्रगतीशील अभियानका अगुवा जनार्दश शर्मा र एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालबीच भएको सो बैठकपछि जारी एक संयुक्त विज्ञप्तिमा बैठकले नयाँ गन्तव्यमा पुग्नका लागि पुरानैबाटभन्दा नयाँ बाटोबाटै हिँड्नुपर्ने निष्कर्ष निकालेका जनाइएको छ । विज्ञप्तिमा मुलुकका पुराना राजनीतिक **बाँकी ८ पेजमा**

## संसदका पदाधिकारीहरु असन्तुष्ट

काठमाडौं । सरकारी निर्णयप्रति संसदका पदाधिकारी असन्तुष्ट देखिनुभएको छ । केन्द्रिय संसद र प्रदेशका पदाधिकारीहरुले संसदका पदाधिकारी तथा सदस्यले पाउने सुविधा घटाउने सरकारको निर्णयप्रति असन्तुष्टि जनाउनुभएको हो । गत शुक्रबार सिंहदरबारमा बसेको पदाधिकारीहरुको संयुक्त बैठकमा उहाँहरुले मितव्ययिताका नाममा अत्यावश्यक सुविधा घटाउने काम गरेको भन्दै असुन्तुष्टि जनाउनु भएको थियो । लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगरले सेवा सुविधाको व्यवस्था संविधानमै व्यवस्था रहेकाले कानूनअनुसारनै व्यवस्था हुनुपर्ने बताउनु भएको छ । सरकारले सेवा सुविधाका विषयमा सुझबुझ नपुऱ्याइ निर्णय **बाँकी ८ पेजमा**

## सिद्धान्तहीन एकता बढेकोमा एमबि सिहबाट चिन्ता ब्यक्त

काठमाडौं । नेकपा मसालका महामन्त्रि मोहनबिक्रम सिंहले एक बक्तब्य प्रकाशितगरी समसामयिक बिषयमा आफ्नो पार्टीको धारणा स्पष्ट गर्नुभएको छ । उहाँले बक्तब्यमा भन्नुभएको छ- नेपालका बिभिन्न कम्युनिष्ट समूह वा वामपन्थी ग्रुपहरुको बीचमा तीब्र बनेको विभाजन, एकीकरण वा पुनर्विभाजनसमेतको प्रक्रियाप्रति नेकपा मसाल को दृष्टिकोण र व्याख्या प्रस्तुतगर्नका लागि यो वक्तव्य जारी गरिएको हो । त्यस सन्दर्भमा प्रधान महत्वको कुरा त यो होकि त्यो सम्पूर्ण प्रक्रिया कैयौं सिद्धान्त, नीति वा कम्युनिष्ट रुपान्तरणका लागि भइरहेको छैन । त्यो प्रक्रिया पारस्परिक अन्तरविरोध वा आगामी चुनावका लागि शक्ति सञ्चयका लागिनै भइरहेको छ । त्यसकारण सैद्धान्तिक र राजनीतिक दृष्टिकोणले त्यसको

**समाचार विश्लेषण**

कुनै महत्व नभएको कुरा प्रष्ट छ । यस सन्दर्भमा अर्को महत्वपूर्ण कुरा त यो छकि हालै देशमा भएको जेनजी आन्दोलन र त्यसले ल्याएको उभारलाई आधार बनाएर चुनाव जित्ने दृष्टिकोणले पनि उनीहरुमा सबैभन्दा बढी काम गरेको पाइन्छ । त्यो पनि हददर्जाको अवसरवादी बिचार हो । जेनजी आन्दोलन प्रथमतः कुनै सिद्धान्त, नीति, कार्यक्रम, संगठन वा नेतृत्वमाथि आधारित कुनै आन्दोलन होइन । त्यो बाहेक त्यो कैयौं ग्रुपहरुमा बाँडिएको छ र त्यसको कुनै एकीकृत स्वरुप पनि छैन । त्यो अवस्थामा त्यसले दिशाहीन र अराजकरुप लिनेनै बढी सम्भावना छ । त्यो अवस्थामा जेनजीको डुंगामा चढेर सत्ता प्राप्तगर्ने उनीहरुको प्रयत्न कहाँसम्म सफल हुनेछ ? त्यो कुरा कसैले पनि सजिलैसित अनुमानगर्न सक्दछ । अहिलेको बिभाजन, एकीकरण वा पुनर्विभाजनको केन्द्रमा पुष्पकमल दाहालनै देखिन्छन् । नेपालको कम्युनिष्ट आन्दोलन र राजनीतिको इतिहासबाट यो कुरा छर्लङ्ग भइसकेको छकि उनी नेपालको सबैभन्दा सिद्धान्तहीन र अवसरवादी व्यक्ति हुन् । त्यसकारण उनको नेतृत्वमा **बाँकी ८ पेजमा**

## नेपाल युक्रेन जस्तो बन्न लागेको खुलाशा

काठमाडौं,२२ कातिक । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका महासचिव सीपी गजुरेलले नेपाल युक्रेनजस्ता बन्न लागेको भन्दै चिन्ता ब्यक्त गनुभएको छ । उहाँले क्रान्तिकारी कम्युनिष्टहरु एकभएर अगाडि नबढे देश युक्रेन बन्ने खत[redacted] बताउनु भएको छ । [redacted] कम्युनिष्ट पार्टी नेपाल नौनम्बर ब्यूरोले गत शुक्रबार काठमाडौंको सम्वाद डबलीमा आयोजना गरेको 'वर्तमान राजनीतिक अवस्था र आमूल परिवर्तनको आवश्यकता' विषयक अन्तरक्रियालाई सम्बोधनगर्दै गजुरेलले उपरोक्त कुरा बताउनुभएको हो । उहाँले जेन्जी विद्रोहबाट पाठसिक्दै नेपालका कम्युनिष्टहरुले वर्तमान संसदीय व्यवस्थालाई विस्थापनको तयारी गर्नुपर्ने आवश्यकतामाथि पनि जोड दिनुभएको थियो । उहाँले देश गम्भीर संकटतिर जानथालेको र त्यसको हलगर्न सबै क्रान्तिकारी कम्युनिष्टहरुका बीचमा एकता, ध्रुवीकरण नभए मोर्चाबन्दी गरेर भएपनि अगाडि बढ्नुपर्ने गर्नुपर्ने अवस्था रहेको बताउनु भएको थियो । जेन्जी बिद्रोहको बलबाट प्रधानमन्त्री बनेकी सुशीला कार्कीले क्रान्तिकारीहरुलाई वार्तामा नबोलाएकोप्रति आक्रोश व्यक्तगर्दै उहाँले विगतमा भ्रष्टाचार र कुशासनमा लिप्त दलहरुलाई मात्रै निकाशको लागि प्रधानमन्त्रीले बोलाएर यो सरकार पनि पुरानै दलदलमा फसेको पुष्टी हुन्छ भन्नुभएको थियो । उहाँले जेन्जीले भनेजस्तै हुने छाँट पनि [redacted] निकाशका लागि स्व[redacted] सरकार एकमात्रै वि[redacted] भन्नुभयो । क्रान्तिकारी [redacted] नेपालका नौनम्बर ब्यूरो इ[redacted]श शर्माको अध्यक्षता तथा सचिव चिन्तामणि पौडेलको सञ्चालनमा सम्पन्न कार्यक्रमलाई सम्बोधनगर्दै नेकपा(बहुमत)का महासचिव धर्मेन्द्र बास्तोलाले जेन्जी बिद्रोहमा नीति, बिचार र राजनैतिक चेत तथा नेतृत्व विहीनताको अवस्था देखिएको बताउनु भएको थियो । बास्तोलाले जेन्जीहरुकै बलबाट बनेको सरकारले छानीछानी परिवर्तनकारी जेन्जीहरुलाई पक्रने विषय गम्भीर **बाँकी ८ पेजमा**

## झापाका.....

सालको दशकदेखि झापाको चन्द्रगढीमा बसोबास गर्दै आउनुभएको थियो। नेपालको गतसाता बुधबारै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको थियो।

## संसदको.....

जेनजी आन्दोलनको घोषणागर्दै जिल्ला प्रशासन कार्यालयमा अनुमति मागको पत्र दर्तागर्न पुगेकाहरुले पनि प्रत्यक्ष कार्यकारीको व्यवस्था नगरी निर्वाचनमा जानु बेकार रहेको बताउन थालेका छन्। जेनजीका कतिपय समूहले आन्दोलनको माग व्यवस्थानै परिवर्तन रहेको बताउँदै ०८४ सालको निर्वाचन ०८२ सालमा सार्नमात्रै शहीदको रगत नबगेको बताउन थालेका छन्। बिभिन्न राजनीति दलका नेताहरु र जेनजी प्रतिनिधिबीच 'जेनजी विद्रोह र अबको निकास' विषयमा गत शुक्रबार छलफलहुँदा पनि यथास्थितिमा निर्वाचन हुननसक्ने कुरा उठेको थियो। अर्कातिर निर्वाचन आयोगले हालसम्म १२५ वटा राजनीतिक दलहरु दर्ता भइसकेको र थप १८ वटा दलहरुले दर्ताका लागि निवेदन दिएको र तीमध्ये नौवटा दलका कागजातहरु बिचाराधीन अवस्थामा रहेको जनाएको छ। निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता आगामी मंसिर एकदेखि १० गतेसम्म राखिएको र कार्तिक मसान्तसम्म दल दर्ताको प्रमाणपत्र प्राप्त गरिसकेका दलहरुले यस अवधिमा निर्वाचनमा भाग लिन दल दर्तागर्न सक्ने जानकारी दिइएको छ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनको प्रक्रियागत काममध्ये आयोगले ६० प्रतिशत पूरा गरिसकेको बताउनुभएको छ। राष्ट्रिय सभाको एक समितिको बैठकमा बोल्दै उहाँले सुरक्षा निकायसमेत चुनावका लागि तयार रहेको बताउनुभएको थियो। उहाँले निर्वाचनका लागि आवश्यकपर्ने ७९ प्रकारका सामानमध्ये १०-१२ बाहेक अन्य स्वदेशी सामान उपयोग हुने पनि बताउनुभएको छ। भण्डारीले विदेशमा बस्ने नेपालीलाई मतदानमा सहभागी गराउने प्रक्रियाका लागि कानूनसमेत अभाव रहेको बताउनुभएको छ। सर्वोच्च अदालतले १० वर्षभन्दा पहिले नै सरकारलाई कानून बनाउन आदेश जारी गरेपनि कानून तर्जुमा र व्यावहारिकरुपमा अध्ययनको काम नभएको अवस्था छ। १७० भन्दा बढी देशमा नेपाली नागरिक रहेको अनुमान छ। ती देशमा मत संकलन कसरी गर्ने? नेपालको ३८-३९ देशमामात्र कूटनीतिक सम्बन्ध छ। पछिल्लो पटकको नामावली संकलनमा हालसम्म एकलाख २४ हजार थपभएको पाइएको छ। जसको छानविन हुन बाँकी छ। फागुन २१ को निर्वाचन प्रयोजनका लागि प्रस्तावित कार्यतालिकाअनुसार समानुपातिकतर्फको निर्वाचन अधिकृतको कार्यालय मंसिर १५ गते स्थापना हुने भनिएको छ। त्यसैगरी मतदानस्थल र मतदान केन्द्रको निर्धारण र सूचना प्रकाशन पुस १५ मा हुने प्रस्ताव गरिएको छ। पुस १८ र १९ मा समानुपातिकको उम्मेदवारको बन्दसूची पेशको कार्यक्रम प्रस्तावित छ। प्रत्यक्षतर्फको निर्वाचन अधिकृतको कार्यालयको स्थापना माघ दुईगते गर्ने प्रस्ताव गरिएको छ। निर्वाचनको प्रचार अवधि फागुन चारदेखि १८ गतेसम्मका लागि प्रस्तावित छ। यस्तै मतपत्र फागुन १२ गतेभित्र जिल्ला जिल्लामा पुऱ्याउने प्रस्ताव गरिएको छ। यसरी एकातिर आगामी फागुन २१ मा निर्वाचन हुन नसक्ने संभावना बढ्दो छभने अर्कातिर बर्तमान सरकारले निर्वाचनका नाममा राष्ट्रिय ढुकुटीबाट ठूलो रकम खर्च गरिरहेको देखिएको छ। यसरी भैरहेको संसद बिघटन गरेर नभएको संसद खोज्दा देश आर्थिक, सामाजिक र राजनीतिक रुपमा समेत चौपट बन्दै गएको बताउन थालिएको छ।

## बिध्वंश....

थियो। त्यसैगरी जेनजी आन्दोलनको क्रममा इलाका प्रहरी कार्यालय अनारमनी झापामा तोडफोड र आगजनी गरेको आरोपमा झापाको बिर्तामोडबाट प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका-५ स्थित त्रिवेणी चोकबाट अर्जुनधारा नगरपालिका-६ का पदम राई र निजकी श्रीमती पूजा मगरलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्र खड्काले जानकारी दिनुभएको छ। उनीहरुलाई भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनकाक्रममा इलाका प्रहरी कार्यालय अनारमनीमा तोडफोड तथा आगजनीमा संलग्न रहेको आरोपमा पक्राउ गरिएको उहाँले बताउनुभएको छ। त्यसैगरी जिल्ला प्रहरी परिसर भक्तपुरले जेनजी आन्दोलनकाक्रममा गत भदौ २४ गते मध्यपुरठिमि राधेराधेस्थित यातायात व्यवस्था कार्यालय र सानोठिमि प्रहरी प्रभागमा आगजनीगर्ने चारजनालाई पक्राउ गरेको छ। प्रहरीले आगजनीगर्ने चाँगुनारायण-२ दुवाकोटका किरण दुवाल, सानोठिमि बस्ने सागर मगर, रामेछाप घरभई हाल सानोठिमिको मगरगाउँ बस्ने हिमाल श्रेष्ठ र सानोठिमिबस्ने संजितकुमार ठाकुरलाई पक्राउ गरेको परिसरका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक प्रकाश जवेजुले जानकारी दिनुभएको छ। नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी अबिनारायण काफ्लेले हालसम्म ३८० जना पक्राउ परेको जानकारी दिनुभएको छ। प्रहरीले उक्त घटनामा १५१ वटा मुद्धा दर्ता गरिसकेको छ। त्यसरी पक्राउपर्नेको संख्या सबैभन्दा धेरै पनि काठमाडौंमै छ। डिआइजी काफ्लेकाअनुसार काठमाडौंमामात्रै ७७ वटा मुद्धा दर्ता र १७७ जना व्यक्ति पक्राउ परेका छन्। त्यस्तै ललितपुरमा १३ वटा मुद्धा दर्ताहुँदा २६ जना पक्राउपरेका छन्। भक्तपुरमा छवटा मुद्धा दर्ताभई २३ जना पक्राउ परेका छन्। पक्राउ परेका कतिपय व्यक्तिहरु पुर्पक्षका लागि थुनामा र कतिपय धरौटीमा समेत छुटिसकेका छन्। धेरैजसो व्यक्तिहरुमाथि आपराधिक उपद्रव कसुरमा मुद्धा चलेका छन्। कर्तव्य ज्यान, चोरी, हातहतियार खरखजाना लगायतका मुद्धा दर्ता भएका छन्। गत भदौ २४ गते प्रहरी वृत्त महाराजगञ्जका दुईजना र प्रहरी प्रभाग कोटेश्वरमा रहेका एकजनागरी तीनजना प्रहरीको हत्याभएको थियो। महाराजगञ्जका प्रहरी सहायक निरीक्षक मिलन राय, प्रहरी जवान उत्तम थापा र कोटेश्वरका सहायक हवल्दार अमृत गुरुङको हत्या आरोपमा हालसम्म १२ जना पक्राउ गरिएको काठमाडौं जिल्ला प्रहरी परिसरले जनाएको छ। जसलेगर्दा त्यतिबेलाको आन्दोलनको नकाव समेत उत्रिएको छ।

## संसदका.....

गरेको निष्कर्ष निकालिएको छ। सरकारको केही दिनअघिको खर्च कटौती अन्तर्गत भएको निर्णयसँगै प्रदेशका सांसदहरुले पाउँदैआएको स्वकीय सचिवको सुविधासमेत खारेज भएको थियो। प्रतिनिधिसभा २७५ सदस्यीय छ। दुवै सभाको गरेर ३३४ सांसद रहेका छन्। सात वटै प्रदेशमा सांसदहरुको संख्या ५५० छ। केन्द्र र सातै प्रदेशका सभाका सदस्यहरुको कूल संख्या ८८४ छ। यसमध्ये सरकारले सात प्रदेशका सातजना सभामुख र प्रतिनिधिसभाका सभामुखकासाथै राष्ट्रिय सभाका अध्यक्षको स्वकीय सचिवको सुविधा खोसेको छैन। यो संख्या घटाउँदा ८७५ जना सांसदको स्वकीय सचिवको सुविधा खारेज भएको पाइएको छ। यसैबीच सुदूरपश्चिम प्रदेशमा राजनीतिक दलहरुको सर्वदलीय निर्णयगरेर प्रदेश सभा सदस्यको स्वकीय सचिवको सुविधा नरोक्ने भनेका छन्। जसलेगर्दा केन्द्र र प्रदेश सरकार तथा संसदकाबीचमा टसलको अवस्था शुरुभएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ।

## जेनजी....

अर्थमन्त्री रामेश्वर खनाललाई भेटेर वर्कपरमिट जारीभइसकेका नेपाली श्रमिकलाई पठाउन अनुमति दिन अनुरोध गरेको छ। अर्थमन्त्री खनालले यूएईले आफ्नै सुरक्षालाई कारण देखाएर भिसा रोक्ने विषयमा नेपालले हस्तक्षेपगर्न नसक्ने बताउनु भएको थियो। उहाँले यूएईले आफ्नो सुरक्षाको कारण देखाएर भिसा नदिने निर्णयगर्नु उसको अधिकारभित्रको कुरा हो। यसमा हामीले केहीगर्न सक्दैनौं भन्नुभएको थियो। व्यवसायीहरुले जेलबाट भागेका नेपालीको राहदानी कालोसूचीमा राखिएको जानकारी यूएई सरकारलाई दिनुपर्ने सुझाव दिएपनि सरकारले सो प्रक्रिया अगाडि बढाएको छैन। संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठले जुनजुन व्यक्ति भागेका छन्, उनीहरुको राहदानी कालोसूचीमा राखिएको जानकारी यूएईलाई दिनुपर्छ। त्यो विषयमा यूएई संवेदनशील भएको छ, त्यसैले हामीले विश्वस्त बनाउनुपर्छ भन्नुभएको छ। कतिपयको मेडिकल भइसकेको छ, अन्तर्वार्तापछि कम्पनीले उनीलाई छानेको छ, करारपत्रमा हस्ताक्षरसमेत भइसकेको छ। सबै प्रक्रिया पूरा भएर पनि उनीहरु जान पाएका छैनन्। वैदेशिक रोजगार विभागकाअनुसार श्रम स्वीकृति लिनेमध्ये झण्डै ४० प्रतिशत श्रमिक यूएई जान्छन्। गत साउन महिनाको तथ्यांकअनुसार दैनिक सरदर ७९४ जनाले यूएई जान श्रम स्वीकृति लिएको पाइएको छ। अघिल्लो आर्थिक वर्षमा सो संख्या दैनिक ७५२ जनाको हाराहारी रहेको पाइएको छ। यसबाहेक भिजिट भिसाको सहारामा पनि दैनिक झण्डै २०० जना नेपाली यूएई जानेगरेको देखिएको छ। चालु आबको गत साउन महिनामामात्रै यूएईका लागि १७ हजार ७७९ जनाले श्रम स्वीकृति लिएका थिएभने छहजार ५९ जनाले पुनः श्रम स्वीकृति लिएका छन्। यस आधारमा साउन महिनामै २३ हजार ८३८ जनाले यूएईका लागि श्रम स्वीकृति लिएको सरकारी तथ्यांकले देखाएको छ। गत भदौको घटनापछि बिश्वका अन्य मुलुकमा पनि नेपालीलाई भिसा दिन आनाकानीगर्न थालेको बताइएको छ। त्यसैरी सो घटनालेगर्दा नेपालमा विदेशी लगानी र पर्यटन समेत प्रभावित भएको देखिएको छ।

## दुर्गा.....

बताइएको थियो। भनिन्छ उहाँ हालैमात्र स्वदेश फर्कनु भएको छ। गृहमन्त्रालयले प्रशाइँलाई आगामी २६ गते बिहान १० बजे लागि वार्तामा बोलाएको बताइएको छ। यसअघि गत चैत १५ गते काठमाडौंको तीनकुनेमा प्रदर्शनगर्दा पनि बिभिन्न अप्रिय घटना भएपछि उहाँलाई भारतीय प्रहरीले पक्राउगरी नेपाल प्रहरीलाई हस्तानतरण गरेको थियो। त्यसपछि उहाँ केही महिना जेल बसेर छुट्नु भएको थियो।

## माओवादी....

बसेको थियो। जब माओवादी सत्तामा पुग्यो, त्यसपछि माओवादमा खिया लाग्दैगएको धेरैको ठहर छ। सत्तामा पुगेपछि माओवादी जनता, सहयोद्धा र शहीद परिवारका पीडाहरु बिर्सेर पार्टीभित्र सत्ता, ठेक्का, परिवारवाद र स्वार्थको लडाइँमा रमाउन थालेको चर्चा हुनेगरेको थियो। दाहालका कारण नेपालका कम्युनिष्ट पार्टीहरु दर्जनौ पटक फुटेका उदाहारण रहेका छन्। ०४३ सालमा सेक्टर काण्ड असफल भएपछि तत्कालीन नेकपा (मशाल)को नेतृत्व सम्हालेका दाहालले ०४८ सालमा पहिलो पटक पार्टीको नाम परिवर्तनगरी नेकपा एकता केन्द्र बनाएको, ०५१ सालमा दीर्घकालीन जनयुद्धमा जाने विषयमा पार्टी विभाजनहुँदा दोश्रो पटक पुनर्गठनगरी नेकपा माओवादी बनाएको, ०६५ सालको पुसमा नारायणकाजी श्रेष्ठ नेतृत्वको नेकपा एकता केन्द्र मसालसँग एकताहुँदा तेश्रो पटक पार्टीको नाम परिवर्तनगरी एकीकृत नेकपा माओवादी राखिएको, ०७४ सालमा गणेश साह नेतृत्वको नेकपा संयुक्तसँग एकताहुँदा चौथोपटक पार्टीको नाम परिवर्तनगरी नेकपा (माओवादी केन्द्र) राखिएको, ०७५ सालमा एमालेसँग एकतागरी नेपाल कम्युनिष्ट पार्टी(नेकपा) बनाएर त्यसलाई पनि बिघटनमा पुऱ्याइएको र गत साता बुधबार माओवादी केन्द्रलाई सदाका लागि समाप्त गरिएकोलगायतका कुराहरुको स्मरणगर्न थालिएको छ।

## दशबाम....

पुनलगायत शीर्ष नेता तथा कार्यकर्ता सहभागी हुनुभएको थियो। एकीकृत पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद राखिएको भनिएको थियो। उक्त पार्टीको चुनाव चिन्ह पाँचकुने तारा रहेको छ। त्यसक्रममा एकीकृत समाजवादीका वरिष्ठ नेता एवं एकता संयोजन समिति सदस्य प्रमेश हमालले सुशासन, सामाजिक न्याय र आर्थिक रुपान्तरणगर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरागर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आजको आवश्यकता भएकाले बिभिन्न वाम घटकबीच एकता भएको बताउनुभएको थियो। उहाँकाअनुसार पूँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रुपान्तरणगर्दै समाजवादको आधार तयारगर्ने पार्टीको तत्कालीन कार्यनीति रहेको छ। एकीकृत पार्टीबीच आगामी छमहिनाभित्र एकता राष्ट्रिय महाधिवेशनको आयोजनागर्ने सहमति भएको भनिएको छ। एकता प्रक्रियामा सहभागी भएका पार्टीका साविकका केन्द्रीय समितिलाई समायोजनगर्दै आपसी सहमतिको आधारमा केन्द्रीय समिति गठन गरिनेछ। केन्द्रीय समितिमा संयोजक र सहसंयोजक पद रहनेछ। प्रदेश, जिल्ला, पालिका र वडा तहका सबै समितिहरुमा पनि संयोजक र सहसंयोजकको व्यवस्था हुनेछ। एकता राष्ट्रिय सम्मेलन र एकता महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, आयोजना, संगठनात्मक संरचनाको गठन सबै आपसी सहमति र समझदारीमा दलहरुबीच सहमति भएको भनिएको छ। पार्टी समितिहरुको सञ्चालन सामूहिक नेतृत्व प्रणालीमा आधारित जनवादी केन्द्रीयताको सिद्धान्तअनुरुप हुने उल्लेख छ। नवगठित पार्टीको अन्तरिम विधान र घोषणापत्र तथा १८ बुँदे एकताको आधार प्रस्तुत गरिएको छ। सो पार्टीले आगामी फागुनको निर्वाचनको प्रयोजनका लागि दलदर्ताको निवेदन समेत दिइसकेको छ। तर स्वीकृत भैसकेको छैन।

## एमाले..

थाहाभएको छ। त्यसका लागि हिजो २२ गते देशभरका वडामा प्रदर्शन गरिएको थियो। आगामी २५ गते सबै पालिका, २९ गते जिल्ला प्रशासन कार्यालय र मंसिर छगते काठमाडौंमा प्रदर्शन र जनसभागर्ने एमालेको तयारी रहेको बताइएको छ। एमालेले स्पष्टरुपमा फागुन २१ निर्वाचन बहिष्कारनै गर्छौंभनेर ठोकुवा पनि गरेको छैन। एमालेको पछिल्लो केन्द्रिय समितिको बैठकले संसद बिघटनका बिरुद्ध देशव्यापि बिरोध गर्दै चुनावको तुयारीसमेत गर्ने निर्णय गरेको थियो।

## बैकल्पिक....

दलहरु, खासगरी तीनका नेताहरु पुरानै संरचना र तरिका जोडजाड गरेर संकटलाई ढाकछोप गर्न र आफ्नो वर्चश्व बचाउन चाहन्छन्। त्यसले मुलुकलाई अझ अन्योल, अस्थिरता र संकटतर्फ धकेल्ने कुरा निश्चित छ, पुरानै बाटो हिँडेर नयाँ गन्तव्यमा पुगिन्न भन्ने कुरा स्वतः स्पष्ट छ भनिएको छ। विज्ञप्तिमा कम्युनिष्ट, समाजवादी, प्रगतिशील तथा देशभक्तबीच संवाद, छलफल र एकताका लागि आह्वान पनि गरिएको छ। गरेका हुन्। विज्ञप्तीमा आजको राष्ट्रिय निराशा र गतिरोधलाई चिर्दै प्रगतिशील तथा लोकतान्त्रिक दिशामा आम जनतालाई गोलबन्दगर्दै अगाडि बढ्नु आजको ज्वलन्त कार्यभार बनेको छ। राष्ट्रमाथि चौतर्फी संकट आएको यस परिस्थितिमा सबै प्रतिबद्ध कम्युनिष्टहरु, समाजवादी, प्रगतिशील तथा देशभक्तहरुले बृहत् मोर्चाबन्दीको लागि पहलकदमी लिनु आवश्यक भएको छ भनिएको छ। उक्त बैठकमा नेताहरुबीच सहकार्य गरेर जाने विषयमा कुराकानी भएको भनिएको छ। यसैबीच नेकपाका महासचिव चन्दले वर्तमान सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार खारेजगरी तत्काल सर्वपक्षीय अन्तरिम सरकार गठन गर्नुपर्ने माग गर्नुभएको छ। काठमाडौंको भृकुटीमण्डपमा आफ्नो पार्टीद्वारा गतसाता आयोजित जनसभालाई सम्बोधनगर्दै उहाँले उपरोक्त माग गर्नुभएको हो। उहाँले बर्तमान सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार रहस्यमय तरिकाले गठन गरिएको बताउँदै यो सरकार गठनका पछाडि षड्यन्त्र लुकेको टिप्पणी पनि गर्नुभएको थियो। उहाँले जेनजी विद्रोहले नेपालमा संसदीय व्यवस्था पूर्णतः असफल भएको पुष्टिगरेको दाबि पनि गर्नुभएको थियो। उहाँले संसद विघटन भइसकेपछि कुशासन र भ्रष्टाचारमार्फत देश लुट्ने समूहहरु सक्रिय रहेकोभन्दै जनताले प्रतिवादगर्न तयार हुनुपर्ने बताउनु भएको थियो।

## नेपाल...

भएको बताउनु भएको थियो। नेकपाका स्थायी समिति सदस्य अनिल शर्माले जेन्जी बिद्रोहपछि देशमा व्यापक ध्रुवीकरणको आवश्यकता रहेको र सबै क्रान्तिकारी कम्युनिष्टहरु एकठाउँमा आउनुपर्नेमा जोड दिनुभएको थियो। वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका प्रवक्ता राजेश्वरी सुवेदीले बिभिन्न समूहमा विभक्त नेपाली कम्युनिष्टहरु आफूलाई बाहेक अरुलाई कम्युनिष्ट नठान्ने प्रवृत्तिको करण प्रतिक्रियावादीहरुले ठाउँ पाएको बताउनु भएको थियो। क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका नौ नम्बर ब्युरो इन्चार्ज दिनेश शर्माले जेन्जीमा वर्ग र वर्गीय चेतको अभावका कारण सो आन्दोलनको उपलब्धि शून्यजस्तै भएको बताउनुभएको थियो। सो पार्टीका नौनम्बर ब्युरो सचिव चिन्तामणी पौडेलले देशमा संसदवादी दल र व्यवस्थालाई विस्थापनगरी वैज्ञानिक समाजवादी व्यवस्थाको लागि संघर्षको खाँचो भएको बताउनुभएको थियो। कार्यक्रममा नेकपा (मसाल) का प्रवक्ता रामप्रकाश पुरीले पछिल्लो समयमा नेतृत्वकाबारेमा उमेर हदको विषय चलेको र जुन विषय वैज्ञानिक नभएको बताउनु भएको थियो। वैज्ञानिक समाजवादी कम्युनिष्ट नेपालकी प्रवक्ता राजेश्वरी देवकोटाले पनि क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुबीच एकताको आवश्यता रहेकोमा जोड दिनुभएको थियो। क्रान्तिकारी कम्युनिष्ट पार्टीले बिभिन्न ११ वटा कम्युनिष्ट पार्टीहरुलाई गोलबन्दगर्दै साम्राज्यवाद बिरोधी आन्दोलन सञ्चालनगर्ने प्रयासगर्दै आएको छ।

## दशबाम....

हुनथालिरहेको एकीकरण एउटा अर्थहीन दुष्प्रयासमात्र हो, इतिहासले त्यो कुरा सावित गर्नेछ। उहाँले निश्चय नै देशमा सही मार्क्सवादी-लेनिनवादी दर्शन, सिद्धान्त, कार्यक्रम वा संगठन प्रणालीको आधारमा देशमा कम्युनिष्टहरुको एकीकरण र शक्तिशाली कम्युनिष्ट आन्दोलनको आवश्यकता छ भन्नुभएको छ।

समयमै बसाइँसराइ दर्ता गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**

E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

## सम्पादकीय

# जेनजी आन्दोलनका नकारात्मक असरहरु र देशको भाबि अवस्था

**नेपालमा बेलाबखत बढो बिचित्रका राजनीतिक घटनाक्रमहरु हुने गरेका छन्। त्यसमध्ये गत भदौ २३ र २४ मा भएको आन्दोलनलाई पनि लिइन्छ। कतिपयले भदौ २३ गते आफूहरुले आन्दोलन गरेको र २४ गते अपहरण गरिएको बताउने गरेपनि त्यसलाई छुट्याउने आधार कुनै देखिएको छैन। कसैले प्रयास पनि गरेको छैन। ०५२-०६२ मा चलेको माओवादी जनयुद्धले देशमा ठूलो धनजनको क्षति गरेको मान्ने गरिन्थो। तर गत भदौमा भएको घटनाले त्यसको १० दोब्बर क्षति गरेको छ। आश्चर्यको बिषय त के छभने भदौ २३ गते आन्दोलनको आयोजनागर्ने खास संगठन र ब्यक्तिहरुसमेत को हुन् ? भन्ने छुट्टिन सकेका छैनन्भने उनीहरुले २४ गतेको घटनाको जिम्मेवारी पनि लिएनन र भण्डाफोर पनि गरिरहेका छैनन्। उनीहरुले नेपालमा आमूल राजनीतिक परिवर्तनको माग पनि गरेका थिएनन्। सेनासँग वार्ताको प्रस्ताव गरेभने अमूक जेष्ठ नागरिकलाई नै प्रधानमन्त्रि बनाउने माग गरे। हालसम्म सरकारमा जेष्ठ नागरिकहरु नै रहेका छन्। करिव दुई महिना यताका गतिबिधिलाई हेर्दा सामान्य सरकार परिवर्तनका लागिमात्र त्यस्तो बिनाश किन गरियो ? भन्ने प्रश्न उठेको छ।**

**०५२-०६२ मा माओवादी जनयुद्धको नेतृत्व गरेका पुष्पकमल दाहालले उक्त बिध्वंशको स्वागत गरेको देखिएको छभने डा. बाबुराम भट्टराईले कतिपय अमेरिकीहरुबाट सिक्न शिक्षा दिइरहेको देखिन्छ। घटनाक्रमहरुलाई हेर्दा ०६३ को परिवर्तनका बाहकहरुले जातीय र क्षेत्रीय नारा दिएर नेपालीहरुलाई बिभाजन गरेर त्यसैबीचबाट आफूहरु सत्ता र शक्तिमा पुग्ने काम गरेका थिए। जुन आफैमा अराजनीतिक गतिबिधि थियो। गत भदौ २३ र २४ को आन्दोलन गर्नेहरुले पनि जेनजीका नाममा निश्चित उमेर समूहको नाम दिएका थिए। तर उनीहरु हालसम्म सत्ता र शक्तिमा जान पाएनन्। बरु उनीहरुको गतिबिधिका कारण नेपालका बिभिन्न राजनीतिक पार्टीहरुलाई छिन्नभिन्न गराउने काम गऱ्यो। गत भदौ २४ मा भएको घटना दरबार काण्ड र दाशढुंगा घटना लगायतका रहस्यमय घटनासँग तुलना हुनेखालको थियो। जो अब धेरै लामो समयसम्म रहस्यकै गर्भमा रहने भएको छ। उक्त घटनाले नेपाललाई आर्थिक, सामाजिक र राजनीतिक रुपमानै अलग, थलग बनाउने काम गरेको छ। भदौ २४ गते भएको बिध्वंशले गरेको क्षतिको पूर्तिगर्न नेपाललाई अर्को १०-२० बर्ष लाग्ने देखिन्छ।**

**बिनाकारण देशको त्यति ठूलो क्षति भयोभने सोही घटनालाई आधार बनाएर नयाँ निर्वाचन गराउने प्रयासगर्दा ३० अर्बभन्दा बढी रकम ब्यय हुनेभएको छ। संसारमा बेलाबखत राजनीतिक परिवर्तनहरु हुन्छन्। नेपालमा पनि पटक, पटक यसअघि पनि त्यस्ता परिवर्तनहरु भए। तर कुनैपनि नागरिकले राष्ट्रिय सम्पतिमाथि त्यस्तो ध्वस्तपार्ने काम गर्दैनन्। जुन नेपालमा भयो। त्यो बिध्वंशको जतिनै निन्दा गरे पनि कम हुन्छ। जुन उमेर समूहको नाम लिएर उनीहरुले बिध्वंश गरे, त्यो उमेर समूहले चिरकालसम्म पनि आलोचित बन्नुपर्ने हुनसक्छ। भदौ २३ र २४ को घटनालगत्तै नेपालमा ठूलो बाढी र पहिरोको अवस्था देखियो। तर त्यतिबेला बिध्वंशगर्नेहरु कोही पनि बाढी पहिरो पीडितको उद्धारमा देखासमेत परेनन्। जसलेगर्दा उनीहरुमा बिध्वंशमात्र गर्ने कला रहेको तर निर्माणगर्ने कला नरहेको देखाएको छ। उक्त ध्वंशका कारण नेपालको पर्यटन क्षेत्रमा नकारात्मक असरहरु देखापरेका छन्। अन्तराष्ट्रिय सहयोग रोकिने अवस्था छ। दाताहरु खासै सन्तुष्ठ देखिएका छैनन्। हरेक बर्षको सेप्टेम्बर महिनामा विदेशी पर्यटकको बुकिङ धेरै राम्रो हुने गर्दथ्यो। तर उक्त आन्दोलनका कारण यसबर्षका ती बुकिङहरु रद्धहुँदा पर्यटन व्यवसायीले नोक्सान बेहोर्नु परेको सुनिएको छ। बिश्वमै नेपालीहरु सत्ता प्राप्तिका लागि आफ्नै सम्पतिमा आगो लगाउन पनि पछि पर्दैनन्भन्ने प्रचारले अन्तराष्ट्रिय रोजगारी र अध्ययनमासमेत असरगर्न थालेको छ। त्यसैले सबैले आइन्दा त्यस्तो बिध्वंश दोहरिन नदिने प्रण गर्नुपर्ने देखिएको छ।**

# बिभिन्न बाम समूहहरुको एकताले दिएको पछिल्लो सन्देश

नेपालमा बृहत् बाम एकता सधै एक आकर्षक नारा हुनेगरेको छ। यस्तै नारादिँदै कतिपयले कम्युनिष्ट पार्टीको आवरणमा कम्युनिष्टहरुलाई नै सखाव बनाउने खेल पनि खेलिरहेका छन्। कतिपयको प्रयास नेपाललाई आर्थिक, सामाजिक र राजनीतिकरुपमा अस्तब्यस्त बनाउँदै बिघटनमा पुऱ्याउने र दोश्रो सिक्किम बनाउनेमा पनि केन्द्रित रहेको देखिन्छ। यस्तो अवस्थामा को के भन्छ होइन के गर्छभन्ने आधारमा मूल्यांकन हुनु आवश्यक छ। कम्युनिष्टहरु देशभक्त हुन्छन् भन्ने मान्यता रहँदैआएको थियो र छ पनि। तर पछिल्लो समयमा आमरुपमा नेपालमा त्यो अवस्था रहेन। कम्युनिष्ट नामधारी कतिपय समूहहरुले 'विदेशी पहिलो' भन्ने नीति अवलम्बन गरेको देखियो। तर कम्युनिष्टहरु देशभक्त हुनैपर्छ भन्ने मान्यताभने हालसम्म पनि कायम नै छ। हुनुपर्ने पनि त्यहीनै हो। हालैमात्र माओवादी केन्द्रसहितका बिभिन्न समूहहरुले पार्टी एकता भएको घोषणा गरे। त्यसअघि उनीहरुले १८ बुँदे सहमतिपत्रमा हस्ताक्षर गरेका थिए। एकतापछि पार्टीको नाम नेपाली कम्युनिष्ट पार्टी र चुनाव चिन्ह पाँच कुने तारा तोकेका छन्।

सबैभन्दा आश्चर्यको बिषय त के छभने माओवादी केन्द्रले माओवाद समेत परित्याग गरेर एमालेबाट फुटेर आएको एकीकृत समाजवादीसँग एकता गरेको छ। सो एकता हुँदैगर्दा पनि बिचारभन्दा उमेर समूहका कुराले बढी प्रमुखता पाएका थिए। त्योभनेको बिचार बिहीन राजनीति हो। त्यस्तो राजनीति नेकां र राप्रपा लगायतले गर्नेगरेका छन्। यसअघि पुष्पकमल दाहालहरुले ०६३ पछि सत्ता र शक्तिमा आउँदा पनि मालेमावादभन्दा पनि बढी जातीय र क्षेत्रीय कुराहरुलाई प्रमुखता दिएको देखिएको थियो। संविधानमै जातीय, क्षेत्रीय र लिङ्गिय आरक्षणको ब्यवस्था गरिएका कारण नेपालको राजनीति भाँडिएर हालको अवस्थामा पुगेको हो। उनीहरुले उक्त नाराले खासै कामगर्न छाडेको देखिएपछि हाल आएर बिचारबिहीन उमेर समूहलाई प्रमुखता दिन थालेका छन्। खासमा कम्युनिष्ट पार्टीको ब्यानरमा त्यस्तो साम्प्रदायिततालाई प्रश्रय दिनु राम्रो होइन। तत्कालीन नेकपा(माओवादी) ले ४० सूत्रीय माग अगाडि सारेर जनयुद्ध गरेको थियो। भलै जनयुद्धका नेतृत्वकर्ताहरु चारपटक सरकारमा पुग्दा पनि ति मागहरु पूरा गरिएनन्। हाल आएर उनीहरुले उक्त मागको नामसमेत लिन छाडेका छन्। तर ति मागको सान्दर्भिकता आज पनि छ। पछिल्लो समयमा बाम एकताको नारा दिने तर ब्यवहारमा नेपालको बाम आन्दोलनलाई छिन्न भिन्न बनाउन लागि परेकाहरुले ति मागलाई एकपल्ट दोहोऱ्याएर पढुन। उक्त मागहरु पूरा गर्न-गराउनकै लागि नेपालमा बृहत् बाम एकताको आवश्यकता रहेको छ। उक्त मागहरुमा सन् १९५० को नेपाल-भारत सन्धिसहित सबै भेदभावपूर्ण सन्धिहरु खारेज गरिनुपर्छ। विनासकारी टनकपुर सन्धिलाई लुकाउन र नेपालको जलश्रोतमा भारतीय साम्राज्यवादी एकाधिकारलाई अनुमति दिनेभएकाले एकीकृत महाकाली सन्धिलाई तत्काल खारेज गर्नुपर्छ। नेपाल र भारतबीचको खुला सीमानालाई नियमन, नियन्त्रण र व्यवस्थित गरिनुपर्छ। भारतीय लाइसेन्स प्लेटभएका सबै सवारी साधनलाई नेपालबाट निषेध गर्नुपर्छ। गोर्खा भर्तीकेन्द्र बन्द गरिनुपर्छ।

नेपाली नागरिकलाई स्वदेशमै सम्मानजनक रोजगारी दिनुपर्छ। विभिन्न क्षेत्रमा नेपाली कामदारलाई प्राथमिकता दिनुपर्छ। स्वदेशमा विदेशी कामदार आवश्यक परेमा 'वर्क परमिट' प्रणाली कड्याइकासाथ लागू गरिनुपर्छ। नेपाली उद्योग, व्यवसाय र वित्तमा विदेशी पूँजीको आधिपत्य रोक्नुपर्छ। साम्राज्यवादी र औपनिवेशिक संस्कृतिको आक्रमणलाई प्रतिबन्ध लगाउनुपर्छ। अश्लिल हिन्दी चलचित्र, भिडियो र पत्रिकालाई तुरुन्त प्रतिबन्ध लगाउनुपर्छ। गैरसरकारी संस्था र आईएनजीओको नाममा औपनिवेशिक र साम्राज्यवादी तत्वहरुको आक्रमण बन्द गर्नुपर्छ। सबै झूटा मुद्धाहरु तुरुन्त फिर्ता लिनुपर्छ। राज्य प्रायोजित आतंक तुरुन्त बन्द गर्नुपर्छ। सरकारी सञ्चारमाध्यम पूर्ण स्वायत्त हुनुपर्छ। बिचौलिया र दलाल पूँजीपतिहरुको सम्पत्ति जफतगरी राष्ट्रियकरण गर्नुपर्छ। सबैका लागि रोजगारीको ग्यारेन्टी हुनुपर्छ। रोजगारीको व्यवस्था नहुन्जेल बेरोजगार भत्ता दिनुपर्छ। घरबार विहीनहरुको पुनर्स्थापना हुनुपर्छ। गरिब किसानहरुलाई ऋृण चुक्ताबाट छुट दिनुपर्छ। साना किसानले कृषि विकास बैंकबाट लिएको ऋृण मिनाहा गर्नुपर्छ। साना किसानका लागि ऋृण उपलब्ध गराउन उपयुक्त व्यवस्था गरिनुपर्छ। मल र बीउ सजिलै र सस्तो दरमा उपलब्ध हुनुपर्छ। कृषकहरुलाई उनीहरुको उत्पादनको उचित मूल्य र बजार उपलब्ध गराउनु पर्दछ। निःशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षा सबैका लागि उपलब्ध हुनुपर्छ। शिक्षाको व्यावसायीकरण बन्द गर्नुपर्छ। सबै गाउँलेहरुलाई खानेपानी, सडक र बिजुली उपलब्ध गराउनुपर्छ। भ्रष्टाचार, तस्करी, कालोबजारी, घुसखोरी, बिचौलियाको प्रचलन आदिको अन्त्य गरिनुपर्छ लगायत रहेका छन्। जसमा नेपालमा बढ्दैगएको विदेशी हस्तक्षेप बन्दगर्ने र बिभिन्न आवरणमा साम्राज्यवादीहरुका लागि काम गरिरहेकाहरुमाथि कारवाही गरिनुपर्ने लगायतका मागहरुसमेत थप्न सकिने अवस्था छ। त्यसैगरी बिवादास्पद अमेरिकी योजना एमसीसी बिरुद्ध एकीकृत आन्दोलन आजको मुख्य आवश्यकता भएको छ। जसमार्फत् नेपालमा अमेरिकाको एसपीपीलगायतका बिवादास्पद र घातक योजनाहरुको समेत भित्रभित्रै कार्यान्वयन भैरहेको छ। एमसीसी नेपाललाई अमेरिकी उपनिवेश बनाउने मुख्य योजना भएको बिभिन्न घटनाक्रमहरुले स्पष्ट गरेका छन्। एमसीसी अमेरिकाको इन्डो-प्यासिफिक रणनीति (आईपीएस)सँग सम्बद्ध योजना भएको स्पष्ट छ। ०७८ सालको फागुन १५ गते नेपालको संसदले १२ बुँदे व्याख्यात्मक घोषणासहित एमसीसीको अनुमोदन गरेको भनिएको थियो। तर उक्त बैठकमा कुन पार्टीका कतिजना सांसदले हस्ताक्षर गरेर एमसीसी पारित गरिएको होभन्ने हालसम्म खुलेको छैन। त्यसैगरी संसदले पारित गरेका हरेक प्रस्तावहरुमा राष्ट्रपतिले स्वीकृत गरेको हुनुपर्छ तर हालसम्म नेपालका कुनैपनि राष्ट्रपतिले एमसीसी सम्बन्धी प्रस्तावमा स्वीकृत गरेको देखिएको छैन। त्यसैले नेपालमा सन्दर्भमा एमसीसी अवैधानिक हो। त्यसका बिरुद्ध एकीकृत आन्दोलन हुनेगरी बाम एकता हुनुपर्ने अवस्था थियो। तर हालै बाम एकता गरेकाहरुले एमसीसी र नेपालमा भैरहेको विदेशी हस्तक्षेपका बिरुद्ध एक अक्षर पनि उच्चरण गरेनन्। एमसीसी पारित गराउन जोरजुलुमगर्ने नेताहरु को हुन्भन्ने सबैले चिनेका छन्। उनीहरुका बिरुद्ध सार्बजनिक कारवाही हुनुपर्दछ। बेलायतमा मस्यौदा भएर आएको र एमसीसीसँगै नेपालको संसदबाट पारित भएको भनिएको १२ बुँदे प्रतिबद्धतापत्र हाल कहाँको रद्धिको टोकरीमा फालिएको छ ? त्यसको पनि खोजी हुनुपर्दछ। नेपालको संसदले जारीगरेको १२ बुँदे व्याख्यात्मक घोषणाबारे अमेरिकाले सार्वजनिक प्रतिक्रिया जनाएको छैन। तर त्ससँगै पारित भएको भनिएको एमसीसीको कार्यान्वयन गराउन जोरजुलुम भैरहेको छ। जसमा नेपालको झण्डै २० अर्ब खर्च भैसकेको छभने अमेरिकी अनुदान प्राप्त हुने कुनै संकेतसमेत देखिएको छैन।

एमसीसी अन्तर्गत कूल ६९ करोड ७० लाख अमेरिकी डलर खर्च हुने भनिएको छ। त्यो भनेको झण्डै ९२ अर्ब रुपैयाँ हो। त्यसमा अमेरिकी सरकारले ५० करोड डलर (करिव ६५ अर्ब) अनुदान दिने र नेपाल सरकारले झन्डै २६ अर्ब हाल्नुपर्ने भनिएकोमा नेपालले कबुल गरेकोभन्दा बढी रकम खर्च भैसकेको छ। तत्काल एमसीसी फिर्ता नगरिए त्यसले नेपालको अस्थित्वनै समाप्तगर्न सक्ने अवस्था छ। त्यसैले कुरा बाम एकताको र समर्थन एमसीसीको गर्नेहरुले यसतर्फ ध्यान दिउन। त्यसैगरी नेपालमा विदेशी हस्तक्षेप चरमरुपमा बढेर गएको देखिएको छ। यसअघि राजनीतिकरुपमा मात्र विदेशी हस्तक्षेप भएको चर्चा हुनेगरेको थियोभने पछिल्ला दिनमा विदेशी हस्तक्षेप आर्थिक, सामाजिक र सांस्कृतिकरुपमा समेत विस्तार भएर गएको स्पष्ट छ। त्यो भनेको नेपालको समग्र अस्थित्वमाथिकै चुनौती हो। त्यसैले देशकै अस्थित्वका **बाँकी ७ पेजमा**

**देश/परिवेश** **डा. केशव देवकोटा**

# नेपालमा मौलाउँदो भ्रष्टाचार र प्रधानमन्त्रिको सुशासनको सपना

काठमाडौं। नेपालमा एकातिर भ्रष्टाचार मौलाएको भनेर आवाज उठिरहेको छभने अर्कातिर सरकारमा रहेकाहरुले भ्रष्टाचारको अन्त्य गर्ने र देशमा सुशासन कायम गराउने नारा दिन पनि छाडेका छैनन्। गतसाता मात्र प्रधानमन्त्रि सुशीला कार्कीले सिंहदरबारमा बिभिन्न मन्त्रालयका सचिवहरु, सुरक्षा निकायका प्रमुख र उच्च अधिकारीहरुको बैठकको आयोजना गरेर देशमा सुशासन कायम गराउन निर्देशन दिनुभएको थियो। उहाँले सरकारको सेवा प्रवाहलाई प्रभावकारी र परिणाममुखी बनाउन १४ बुँदे निर्देशन पनि दिनुभयो। प्रधानमन्त्रीले देशमा सुशासन, पारदर्शिता र जनउत्तरदायित्व स्थापनाका लागि १४ बुँदे निर्देशन जारी गर्नुभएको छ। उक्त निर्देशनमा भ्रष्टाचार नियन्त्रण, सार्वजनिक खर्चमा मितव्ययिता, निजी क्षेत्रको मनोबल वृद्धि, कर्मचारी प्रशासन सुधार, पुनर्निर्माण, निर्वाचन तयारी र अपराध नियन्त्रणलाई प्राथमिकतामा राखिएको छ। उहाँले गत भदौको आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, सरुवा-बढुवा प्रणालीमा पारदर्शिता, तीनै तहबीच समन्वय मजबुत बनाउन र अनावश्यक संरचना खारेजगरी सार्वजनिक प्रशासनलाई चुस्त र उत्पादक बनाउन निर्देशन दिनुभएको भनिएको छ। आम नागरिकमा सरकारप्रतिको भरोषा र कर्मचारी-सुरक्षाकर्मीको मनोबल वृद्धिगर्ने उपाय अवलम्बनगर्न पनि उहाँले जोडदिने गर्नुभएको छ। तर उहाँको निर्देशनकोलगत्तै कतिपय प्रदेशहरुले अमान्य घोषित गरेका छन्। कतिपय प्रदेशले खर्च कटौतीको प्रस्तावलाई नमान्ने भनेका छन्। त्यसैगरी बिघटित प्रतिनिधिसभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षलगायतका पदाधिकारीले प्रधानमन्त्रि कार्कीलाई उहाँकै सरकारी निवासमा भेटेर आआफ्नो सुबिधा कटौती गरेकोमा बिरोध जनाइसक्नु भएको अवस्था छ। बर्तमान सरकारका अर्थमन्त्रिले जुन, जुन योजनाहरु कटौती गरेर आगामी निर्वाचनका लागि बजेटको जोहोगर्ने बताउनु भएको थियो।

त्यसको समेत बिरोध शुरु भएको छ। मुलुकमा भ्रष्टाचार नियन्त्रणगरी सुशासन कायमगर्ने कार्य वर्तमान सरकारको प्रमुख प्राथमिकतामा रहेको छ। भ्रष्टाचार नियन्त्रण नभई सुशासन कायम हुननसक्ने भएकाले सरकारले यस कार्यलाई प्राथमिकतामा राखेको बताइन्छ। भ्रष्टाचारको प्रभावका कारण सरकारी निकायबाट हुनेगरेका कार्यप्रति नागरिकको विश्वसनीयता कमजोर हुँदैगएका टिका टिप्पणीहरु पनि भैरहेका छन्। जसलेगर्दा सेवा प्रदायक निकाय र सेवाग्राही बीचको सम्बन्ध सुमधुर हुन नसकेका कुराहरु पनि उठेका छन्। केन्द्रदेखि स्थानीय तहसम्मका सार्वजनिक निकायप्रति जनताको दृष्टिकोण खासै सकारात्मक देखिएको छैन। त्यसैले देशमा बेला बखत विरोध, धर्ना, जुलुसबाट प्रस्तुत हुनु स्वाभाविकै हो। जनताले सरकारलाई चिन्ने, बुझ्ने र महशुसगर्ने मुख्य आधार सार्वजनिक सेवालाई मानिन्छ। सेवा प्रवाहको अवस्थाले सरकारको सफलता असफलता जाँचहुने भएकाले भ्रष्टाचाररहित सेवा प्रवाहमा सरकारको जोड रहेको हुनु पर्छ। सेवा प्रवाह, सार्वजनिक निर्माण, सार्वजनिक खरिदलगायतका कार्यमा हुनसक्ने भ्रष्टाचार नियन्त्रणका लागि विगतमा निरन्तर प्रयास हुँदैआएको भएतापनि उपलब्धिभने प्रभावकारी हुन नसकिरहेको बिभिन्न बिद्वानहरुबाट ब्याख्या र बिश्लेषण पनि भैरहेको छ। सार्वजनिक कार्यमा संलग्न बिभिन्न पेशागत व्यक्ति समूह, बिचौलिया, दलाल, ठेकेदार, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी संगठनका प्रतिनिधिको सहयोगमा जिम्मेवार कर्मचारी र राजनीतिक पदाधिकारीहरुको मिलेमतो हुनेगरेका भ्रष्टाचार नियन्त्रणको कार्य चुनौतीपूर्ण रहेको देखिएको छ।

यस्तो अवस्थामा नेपालमा भ्रष्टाचार विरुद्ध नागरिक निगरानी समूहको सक्रियता अपरिहार्य छ। मुलुकमा संघीय शासन प्रणाली अवलम्बन गरिएपछि भ्रष्टाचार, अनियमितता, बेरुजु, सरकारी सम्पत्तिको दुरुपयोगलगायतका शासकीय प्रक्रियागत विकृतिमा कमीआउने अपेक्षा गरिएको थियो। ०७२ को संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सु्निश्चित गरी सुशासनको प्रत्याभूतिगर्ने राज्यको नीतिगत व्यवस्था स्पष्ट गरिएको छ। सरकारका सबै कार्यकारिणी निकाय र राज्यका अन्य अंगलेसमेत संविधानको उपरोक्त भावना र मर्मअनुरुप आफ्ना नीति, योजना, कार्यक्रम, शोच एवं व्यवहारमा सुधार आउने अपेक्षा गरिएको थियो। तर ०७२ को संविधानको भावना अनुरुप भ्रष्टाचार नियन्त्रणको कार्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाहेक अन्य क्षेत्रको उल्लेखनीय सक्रियता देखिन सकिरहेको छैन। भ्रष्टाचार राजनीतिक एवं प्रशासनिक नेतृत्वको मिलेमतोमा संस्थागतहुँदै केन्द्र, प्रदेश, स्थानीयगरी तिनैवटै तहमा फैलिएको देखिनु कम चिन्ताको बिषय होइन। राजनीतिक नेतृत्व र कर्मचारीसँग बिचौलिया, ठेकेदार, स्थानीय उपभोक्ता समिति समेतको मिलेमतो हुनेगरेका कारण भ्रष्टाचारलाई संस्थागतगर्न टेवा पुगेको कतिपय बिद्वानहरुले मूल्यांकन गर्नुभएको पाइन्छ। संस्थागत हुँदैगएको भ्रष्टाचार नियन्त्रणको लागि परम्परागत कार्यशैली र रणनीतिले मात्र सफलता हाशिल हुनसक्ने देखिँदैन। यस कार्यमा सफलता हाशिलगर्न नागरिक चेतना र सामाजिक विद्रोह व्यापक गराउनु आवश्यक छ। राजनीतिक पहुँच र आस्थाका आधारमा आफ्नो पकेट क्षेत्रमा बजेट कार्यक्रम ल्याएका व्यक्तिहरुले आफ्नो नियन्त्रणका व्यक्ति समूहलाई ठेक्का दिने, यसरी दिएको ठेक्काबाट लिएको कमिसनको विरोध नगर्ने, स्थानीय उपभोक्ता समितिले कामै नगरी वा कम कामगरी वा कम गुणस्तरको कामगरी भुक्तानी लिएकाविरुद्ध आवाज नउठाउने लगायतका सामाजिक प्रवृत्तिले भ्रष्टाचारका सूचना निगरानीगर्ने संस्था वा कारवाहीगर्ने निकायसमक्ष पुग्नसकेको छैन। सार्वजनिक विकास निर्माण वा सेवा प्रवाहको कार्यमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा **बाँकी ७ पेजमा**

# उग्रबामपन्थीहरु कसरी दक्षिणपन्थी भाषमा फस्छन् भन्ने ताजा उदाहारण

## यो साताको बिशेष

उग्र बामपन्थीहरु कसरी दक्षिणपन्थी भासको दल दलमा फस्छन्भन्ने कुरा गत साता १९ गते माओवादी केन्द्र र एकीकृत समाजवादी सहितका दश वाम शक्तिबीचको पार्टी एकताले स्पष्टगरेको छ। जहाँ जनयुद्धका नायक भनिएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पार्टीको नामबाट माओवादी केन्द्र र सिद्धान्तबाट माओवाद सधैका लागि परित्याग गरेर एमालेका नीति र सिद्धान्तलाई अंगिकार गर्नुभएको थियो। त्योभनेको नाम बामपन्थी र गतिबिधि दक्षिणपन्थीभन्ने हो। काठमाडौंको भृकुटीमण्डपमा आयोजित एक विशेष समारोहमा माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेकपा (माओवादी समाजवादी) र नेकपा ( साम्यवादी)लगायत वाम पार्टीबीच एकता घोषणा गरिएको थियो। एकता घोषणापछि एकीकृत पार्टीको नाम नेपाली कम्युनिष्ट पार्टी राखिएको छ। एकता घोषणासभामा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका वरिष्ठ नेता झलनाथ खनाल र वामदेव गौतम, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव, नेपाल कम्युनिष्ट पार्टीका महासचिव चिरन पुनलगायत शीर्ष नेता तथा कार्यकर्ता सहभागी हुनुभएको छ। एकीकृत पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद राखिएको छ। उक्त पार्टीको चुनाव चिन्ह पाँचकुने तारा रहेको छ। त्यस अवसरमा एकीकृत समाजवादीका वरिष्ठ नेता एवं एकता संयोजन समिति




सदस्य प्रमेश हमालले सुशासन, सामाजिक न्याय र आर्थिक रुपान्तरणगर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरागर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आजको आवश्यकता भएकाले बिभिन्न वाम घटकबीच एकता भएको बताउनुभएको थियो। उहाँकाअनुसार पूँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रुपान्तरणगर्दै समाजवादको आधार तयारगर्ने पार्टीको तत्कालीन कार्यनीति रहेको छ। एकीकृत पार्टीबीच आगामी छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशनको आयोजनागर्ने सहमति भएको छ। एकता प्रक्रियामा सहभागी भएका पार्टीका साविकका केन्द्रीय समितिलाई समायोजनगर्दै आपसी सहमतिको आधारमा केन्द्रीय समिति गठन गरिनेछ। केन्द्रीय समितिमा संयोजक र सहसंयोजक पद रहनेछ। प्रदेश, जिल्ला, पालिका र वडा तहका सबै समितिहरुमा पनि संयोजक र सहसंयोजकको व्यवस्था हुनेछ। एकता राष्ट्रिय सम्मेलन र एकता महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, आयोजना, संगठनात्मक संरचनाको गठन सबै आपसी सहमति र समझदारीमा गरिने नौ दलहरुबीच सहमति भएको छ। पार्टी समितिहरुको



सञ्चालन सामूहिक नेतृत्व प्रणालीमा आधारित जनवादी केन्द्रीयताको सिद्धान्तअनुरुप हुने उल्लेख छ। यसैबीच एकीकृत समाजवादीका नेता झलनाथ खनालले कम्युनिष्ट पार्टीबीचको एकता अहिलेको आवश्यकता भएको धारणा राख्नुभएको थियो। एकीकृत समाजवादीकातर्फबाट धारणा राख्दै नेता खनालले जनतामा भएको परिवर्तनको भावनालाई कसैले रोक्न नसक्ने बताउनुभएको थियो। नेपाली कम्युनिष्ट पार्टीले जनभावनालाई सम्बोधनगर्ने उहाँको भनाई थियो। नेता खनालले गल्ती कमजोरी स्वीकार गरेर एकता प्रकियामा आउन सबैमा आह्वान गर्नुभएको थियो। कम्युनिष्ट आन्दोलनभित्र देखिएका अन्तरविरोधलाई समाधान गरेर वैज्ञानिक समाजवादको यात्रामा अघिबढ्नुपर्ने उहाँको भनाइ थियो। नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राययादवले पार्टी एकताबाट लोकतन्त्र बलियो भएको उल्लेखगर्दै यसका माध्यमबाट देश र जनताको भविष्य उज्वल बन्ने बताउनुभएको थियो। जेनजी प्रदर्शनपछिको राजनीतिक संक्रमणलाई पारगराउन माओवादी केन्द्रका संयोजक दाहाल र एकीकृत समाजवादीका अध्यक्ष नेपालको नेतृत्वदायी भूमिका रहेको उहाँले बताउनुभएको थियो। नेपाल समाजवादी पार्टीकातर्फबाट धारणा राख्दै अध्यक्ष यादवले यही नेतृत्वले मुलुकको आर्थिक र सामाजिक रुपान्तरणको राष्ट्रिय आक्याक्षा पूरागर्ने उल्लेख गर्नुभएको थियो। नेकपा समाजवादीका नेता राजु कार्की, नेपाल कम्युनिष्ट पार्टीका महासचिव चिरन पुनलगायत नेताले समाजवादी क्रान्ति पूरागर्ने अठोटकासाथ नेपाली कम्युनिष्ट पार्टी गठन भएकोभन्दै सो पार्टीले समाजवादी आन्दोलनको अभिभारा पूरागर्ने बताउनु भएको थियो। त्यसक्रममा माओवादी केन्द्रका राष्ट्रिय महाधिवेशन आयोजक समिति सदस्य देवप्रसाद गुरुङले नवगठित पार्टीको अन्तरिम विधान र घोषणापत्र तथा १८ बुँदे एकताको आधार प्रस्तुत गर्नुभएको थियो। उहाँले सम्मेलनपश्चात बन्ने केन्द्रीय समितिबाट गठन हुने कार्यदलले राजनीतिक दस्तावेज तयारगर्ने जानकारी पनि दिनुभएको थियो। एकीकृत समाजवादीका उपाध्यक्ष डा बेदुराम भुसालले अन्तरिम विधानका विविध विषयबारे प्रकाश पार्नुभएको थियो। सो पार्टीको केन्द्रिय समितिले पूर्णता पाएको छैनभने निर्वाचन आयोगमा दल दर्ताका लागि पुगिसकेको छ।

**पुराना पार्टी कायमै :** गतसाता १९ गते एकीकृत भएका भनिएका माओवादी केन्द्र र एकीकृत समाजवादी लगायतका १० दलका पुराना नामहरु कायमै रहेका छन्। माओवादी केन्द्र जनार्दन शर्माले र एकीकृत समाजवादी पार्टी घनश्याम भुसालले पुनरगठनगर्ने हुनुभएको छ। एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले गत १९ गतेनै काठमाडौंमा एक पत्रकार सम्मेलनगरी आफूहरु माओवादी केन्द्रसँगको एकतामा सामेल नहुने घोषणा गर्नुभएको थियो। पत्रकार सम्मेलनमा भुसाल सहितका नेताले बिद्यमान नेतृत्व र कार्यशैलीका आधारमा कम्युनिष्ट पार्टी चल्ननसक्ने बताउँदै देशका तमाम समस्याको समाधानका लागि आफूहरुले आगामी मंसिरको पहिलो साता राष्ट्रिय भेलामार्फत् नयाँरुपले संगठित हुने बताउनुभएको थियो। कार्यक्रममा सो पार्टीका नेताहरु धनेन्द्र बस्नेत, जीवनराम श्रेष्ठलगायत सहभागी हुनुहुन्थ्यो। पार्टी पुनर्गठनमा लागेका नेताहरुकाअनुसार अब बन्ने पार्टी वा वाम शक्ति भ्रष्टाचार नगर्ने पार्टी बन्नेछ। पार्टीमा रहेको कुनै नेता वा कार्यकर्ताले गल्तीगर्ने वा दागलाग्ने बित्तिकै उसको सदस्यता टुट्नेछ। नेता घनश्याम भुसालले कुनै मुद्धा लाग्यो वा समाजमा बदनाम भयो अथवा ऊमाथि प्रश्न उठ्योभने तत्काल त्यस्तो व्यक्ति आउट हुने कुरा प्रतिवद्धतापत्रमा समेटिएको बताउनु भएको छ। भ्रष्टाचारको आरोप लाग्यो भने तत्काल बाहिर बस्ने, पछि सफाइ पायोभने फर्कन मिल्ने हुन्छ। भ्रष्टाचार नगर्ने पार्टीकारुपमा पहिचान बनाउने मुख्य प्रयत्न हुने नेताहरुको भनाइ छ। त्यसैगरी मुलुकमा औद्योगिकीकरणको विकास र त्यही माध्यमबाट रोजगारी सिर्जनागर्ने उद्देश्य पुनर्गठित पार्टीको अर्को लक्ष्य र उद्देश्य हुनेछ। तेश्रो कुरा, पार्टीमा लागेका नेता र कार्यकताहरु आर्थिक पारदर्शिता अनिवार्य हुनेछ। पार्टी पुनरगठनमा रहेका नेताहरुको भनाईमा शिक्षा र स्वास्थ्यको निजीकरणलाई दुरुत्साहन हुनुपर्छ। व्यवसायी र व्यापारीलाई पार्टीमा स्थाननै हुँदैन। त्यस्तै कृषिमा आधारित जनताको लगानीको सुनिश्चितता, निजी अस्पताल र निजी शिक्षाको साटो सार्वजनिक अस्पताल र बिद्यालयको सेवा र गुणस्तर सहज र भरपर्दो बनाउने उद्देश्य नवगठित पार्टीले बोक्नेभन्ने रहेको थियो। वाम एकताको कुरा नेपालका कम्युनिष्ट पार्टीहरुका लागि प्रायःजसो सत्तामा पुग्ने माध्यम बन्नेगरेको छ। सत्ताबाहिरहुँदा ध्रुवीकरणको पक्षमा देखिएको एमाले सरकारमा पुगेपछि अरु घटकलाई आफूमा मिलाउने रणनीतिमा रहन्छभने माओवादी केन्द्रसहितका दलहरु वाम एकताको बहसमा जुटे पनि फुटाउने कार्यमा लागेका देखिन्थे। बरु अरु वाम शक्तिलाई आफूमा बिलिन पारेर अघिबढ्ने उसको रणनीति छ। ०७२ को संविधान जारी भएपछि ०७४ को निर्वाचनमा एमाले र माओवादी केन्द्रबीच भएको चुनावी तालमेल, ०७५ मा पार्टी एकतापछि भएको आरोप प्रत्यारोप र फुटलगायतले धेरै कुराको रहस्य खोलेका थिए। आन्तरिक कलहले नेकपा विघटन र एमाले विभाजन पनि त्यसैको परिणाम होभन्ने हाल आएर स्पष्टभएको छ। गत चारबर्ष अघि एमालेले एक्ल्याउँदै गएपछि एकीकृत समाजवादीका नेताहरु पनि अन्य कम्युनिष्ट घटकसँगको सहकार्यतिर जोडदिन थालेका हुन्। एउटै राजनीतिक आदर्श बोकेर हिँडेका कम्युनिष्ट शक्तिहरु सहकार्य, क्रान्ति र वर्गीय हितको कुरागरेर थाक्दैनन्। जब त्यही नारा बोकेर सत्तामा पुग्छन्, सबै बिर्सन्छन्। बरु व्यक्तिगत स्वार्थमा सिद्धान्तको लेप लगाएर बारम्बार छिन्नभिन्न हुन्छन्। स्वार्थकै लागि एकताको कुरागर्ने फुट्ने नेपालका कम्युनिष्ट पार्टीहरु न एकतामा प्रतिवद्ध छन् न त विभाजनको औचित्य पुष्टिगर्न सकेको देखिन्छ।

**नयाँ अन्तरिम सरकार :** पछिल्ला दिनमा फेरी नयाँ अन्तरिम सरकारको माग बढेको छ। एमालेका उपाध्यक्ष, पूर्व उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संविधान संशोधनमार्फत नयाँ अन्तरिम सरकार गठन गरेर निर्वाचनमा जानुपर्ने बताउनुभएको छ। प्रेस चौतारी नेपाल रुपन्देहीले गतसाता बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले पछिल्ला आन्दोलनकारकि सम्बोधनका लागि संविधान संशोधन गर्नुपर्नेमा जोड दिनुभएको थियो। उहाँले संविधानको रक्षागर्दै देशलाई अघिबढ्ाउन र देशलाई संवैधानिक मार्गबाट अगाडि बढाउन प्रतिनिधिसभा पुनः स्थापना अनिवार्य छ। लोकतान्त्रिक गणतन्त्रको रक्षागर्न




एमाले प्रतिबद्ध छ भन्नुभएको थियो। उहाँले नयाँ अन्तरिम सरकारको आवश्यकताबारे पनि चर्चा गर्नुभएको थियो। त्यसैगरी पहिलो पल्ट निर्वाचन आयोगमा दर्ता भएको नेत्रबिक्रम चन्द नेतृत्वको कपानेले पनि देशभक्त र बामपन्थीहरुको संयुक्त सरकारकै मागगरेको छ। उसले अब त्यसका लागि पहलगर्ने पनि जनाएको छ , त्यसैगरी बिघटित संसद बाहिर रहेको सिपि गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टीले पनि ०७२ को संविधानलाई नेपालका बिद्यमान सबै समस्याको जड भएको बताउँदै जनसंविधान र जनगणतन्त्रमा जोड दिएको छ। उक्त पार्टीसहित हाल आठवटा बामपन्थी सम्मिलित राष्ट्रिय क्रान्तिकारी मोर्चा क्रियाशील रहेको छ। माओवादी केन्द्र, एकीकृत समाजवादी, नेसपा लगायतका आठ दलबीच पार्टी एकताको घोषणा भएपछि ती दलबाटै एकता प्रक्रियामा नगएकाहरु पनि अलग,अलग ढंगले पार्टी पुनर्गठनको गृहकार्यमा जुटेका छन्। कुशासन तथा भ्रष्टाचारले मुलुक आक्रान्त बन्दैगएका बेला वाम ध्रुवीकरणपछि बन्ने पार्टीले लिने नीति, कार्यक्रम र कार्यदिशाका आधारमा उनीहरुलाई जनताले कतिसाथ दिने हुन् ? त्योभने समयले बताउला। बेरोजगारी, असमान अवसर तथा संस्थागत भ्रष्टाचारमा जोडिएका पुराना पार्टी र तिनका नेताहरुको गैरजिम्मेवार प्रवृत्तिसँग असहमत नेता र समूहहरुले त्योभन्दा भिन्न उद्देश्य र कार्यक्रमका साथ पार्टी पुनर्गठन गर्ने दाबीगर्दै आएका छन्। भदौ २३ र २४ को जेनजी विद्रोह हुनुमा समेत तिनै पुराना दल र नेताहरुको कार्यशैली, आचार र व्यवहार प्रमुख कारक बनेको निष्कर्ष निकालेका नेताहरुले पुनर्गठित 'वाम शक्ति'ले उनीहरुकोसमेत भावना समेट्ने भएकालेसाथ पाइने विश्वास व्यक्त गरेका छन्। यो अभियान अन्तर्गत माओवादी केन्द्रका नेता जनार्दन शर्माले गतसाता मंगलबार नै 'प्रगतिशील अभियान' घोषणा गर्नुभएको थियो। तत्कालीन माओवादी केन्द्र र एकीकृत समाजवादी सहितका दलहरुसँग एकता प्रक्रियामा असहमति जनाएका शर्माले गतसाता मंगलबार पत्रकार सम्मेलनगर्दै प्रगतिशील अभियान घोषणा गर्नुभएको हो। प्रगतिशील अभियान घोषणा कार्यक्रममा सहभागी नेता राम कार्कीले अहिले चलिरहेको किनबेच र खरिदविक्रीको राजनीतिलाई समाप्तपार्दै प्रतिस्पर्धाको राजनीतिको परिकल्पना गरिएको बताउनु भएको छ। शर्माले अभियानकाक्रममा हतारमा पार्टी बनाएर केही समयपछि धारे हात लाउनतिर नलाग्ने दाबी गर्नुभएको छ। शर्मा, भुसाल र चन्द वैकल्पिक वाम शक्ति निर्माणको प्रयासमा रहनु भएको बताइन्छ। नेतात्रयले अहिले भइरहेका ठूला कम्युनिष्ट पार्टीका नेतृत्वकर्ता केपी ओली, माधव नेपाल र पुष्पकमल दाहालहरुले नै नेपालको वाम आन्दोलनलाई भ्रष्टीकरण गरेकोभन्दै नेपालको वाम आन्दोलन पुनर्गठन र रुपान्तरणगर्न आवश्यक रहेको बताउने गर्नुभएको छ। आम नागरिकको चाहना, भावना र हित विपरीत पार्टीगत र व्यक्तिगत स्वार्थलाई केन्द्रविन्दुमा राखेपछि पछिल्ला दिनमा उनीहरुप्रतिको आकर्षणमा क्रमशः ह्रास आएको तिनका सहयात्रीहरुले नै वाम पुनर्गठनको प्रयास गरेबाटै पुष्टि गरेको देखिएको छ।

**मुख्य भनाई :** एमालेबाट फुटाएर माधव नेपालहरुलाई एकीकृत समाजवादीमा पुऱ्याउन तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको प्रमुख हात रहेको भनिएपनि माओवाद छुटाउनमा माधव नेपालको प्रमुख हात **बाँकी ८ पेजमा**

# नेपालका सन्दर्भमा कृषि क्रान्ति र सामाजिक रुपान्तरणको प्रश्न

**लोकनारायण सुवेदी**



नेपालका सन्दर्भमा कृषि क्रान्ति र सामाजिक रुपान्तरणको प्रश्न धेरै महत्वपूर्ण रहेको छ। दशकौं पहिला कमरेड पुष्पलालले भनेका थिए- 'जबसम्म देशमा किसान वर्गको अहं महत्वका राष्ट्रिय समस्या समाधान हुँदैनन् तबसम्म राष्ट्रको मूलभूत समस्या पनि समाधान हुँदैन' (अखिल नेपाल किसान संघको घोषणापत्र र यसको कार्यनीति २०३२)। नेपालको अर्थ-राजनीतिक तथा सामाजिक-सांस्कृतिक आमूल रुपान्तरणको सन्दर्भमा यो अत्यन्तै गम्भीर महत्वको अहं प्रश्न हो र अहिले पनि यो प्रश्न ज्यूँका त्यूँ रहेकोमात्र छैन अझ जटिल बनेको छ। हुन पनि एकातिर यो प्रश्न उत्पादन पद्धति र उत्पादन सम्बन्धसँग अभिन्नरुपले गाँसिएको प्रश्न छभने अर्कोतिर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरुसँग पनि उत्तिकै गम्भीररुपमा जोडिएको छ। हामीले २००७ देखि अहिलेसम्मको अर्थात् २०६२-६३ सम्मको राजनीतिक परिवर्तनलाई हेर्यौं र त्यस परिप्रेक्ष्यमा देशका किसान र कृषिको अवस्थालाई विश्लेषण गर्यौंभने यो कुरा धेरै मात्रामा छर्लङ्ग हुन्छ। जेजस्ता परिवर्तन राजनीतिमा आए पनि किसानको जीवनमा कुनै तात्विक परिवर्तन आउन सकेको छैन। यो अहिलेसम्मको कटु यथार्थ हो। जुन समस्याहरु नेपाली आम किसानले हिजोदेखि नै भोग्दै आएका थिए मूलतः तिनै समस्या आज पनि भोलिरहेका छन्। ती समस्याहरुको सही समाधान ननिस्केकै परिणाम हाम्रो देशको आजको दयनीय अवस्था हो। त्यसैले नेपाली किसान र कृषिको समस्या आज पनि राष्ट्रको सबैभन्दा ज्वलन्त राष्ट्रिय समस्या बनेर रहेका छन्। यसको अग्रगामी, उन्नत र आम किसान-मैत्री राष्ट्रिय समाधान नखोजीकन राष्ट्रको उन्नति र प्रगतिले सही दिशामा पटक्कै पाइला सार्न सक्दैन। अहिलेसम्मको अनुभव र अवस्थाले यो अकाट्य तथ्यलाई सिद्ध गर्दछ र गरिरहेको छ। जुन किसान वर्गलाई आफ्नो कष्टपूर्ण र एकदमै पिछडिएको जीवनस्तरबाट मुक्ति चाहिएको हो त्यो वर्ग नै आज पनि घोर गरिबी, अभाव, अशिक्षा, असुरक्षा, अन्धविश्वास, कुरीति र अन्ध मान्यताबाट आक्रान्त छ।

यो स्थितिबाट किसान वर्ग मुक्त नभइकन नेपालको उन्नति, प्रगति, विकास र समृद्धि केही पनि हुनसक्दैन। अहिलेसम्मको स्थितिले यो कुरा प्रष्ट पारिसकेको छ र पारिरहेको छ। वस्तुतः नेपाल पिछडिएको अवस्थाबाट गुज्रिहेको विकासोन्मुख देश हो भन्नुको कारण पनि वस्तुत यहीनै हो। हामी विकासशील हुने अवस्था र चरणमा पनि प्रवेश गर्न नसकेर विकासोन्मुखै अवस्थामा रहने निवेदन अर्थात हार-गुहार गर्नुको कारण पनि आज यही नै हो। आज एकातिर देशमा किसानवर्ग जीवनयापनगर्न नसक्ने धौधौको अवस्थाबाट गज्रिहेको छभने अर्कोतिर दुईनम्बरी कालो धनको बिगबिगी देशको अर्थतन्त्र, राजनीति, सामाजिक तथा सांस्कृतिक संरचना सर्वत्र व्याप्त छ। हामीकहाँ बन्ने गरेका कुनै पनि सरकारलाई किसानका समस्यासँग कुनै वास्ता छैन, पर्वाह छैन। उनीहरुका लागि किसान निर्वाचनका बेलामा मत खसाल्न लाइनमा बसिदिने 'गाँवार कृतदास सरह' मात्रै हुन्। अरु बेला ती किसानहरुको कुनै अर्थ संसद र सत्तामा पुगेका दलहरुले राख्दैनन्। भ्रष्टाचारी, तस्कर, कालाबजारिया, भूमाफिया, जलमाफिया, कमिशनखोर दुई नम्बरियाहरुलाई जोगाउन, संरक्षणगर्न र उनीहरुको कालो धनको रक्षागर्न भने टुप्पीदेखि पैतालासम्मको बल लगाउने र दौडधूप गर्ने गर्दछन्। त्यसका निमित्त बेला-बेलामा 'कालो धनलाई सेतो घोषणा गरेर' विकास र समृद्धि ल्याउन छुट दिने र त्यस्तै महान बिचार प्रवाह गर्ने गर्दछन्। तर्क पनि गजबको गर्ने गर्दछन् - 'देशमा कालो धन छ, भूमिगत अर्थतन्त्र मौलाएको छ। यो कुरा सबैलाई थाहा छ। अनि त्यसलाई त्यत्तिकै निस्क्रिय राखेर खेर जान दिने ? त्यसको सदुपयोग गर्नु परेन ? आहा कति कालोधनमैत्री बिचार ! अहिले पनि हाम्रो देशको जनसंख्याको अत्यधिक ठूलो हिस्सा कृषि कर्ममा लागेको छ। तथ्यांक अनुसार देशको सम्पूर्ण श्रम क्षमताको कम्तिमा ६० प्रतिशत श्रम शक्ति कृषिमा लागेको भएपनि राष्ट्रिय आम्दानीमा यसले २५ प्रतिशत जति मात्र योगदान दिनसकेको छ। यसले प्रष्ट पार्दछ कि कृषिमा अधिकतम श्रमभार छ र त्यस श्रमको पूर्ण सदुपयोग हुन नपाएर त्यो त्यसै खेरगएको छ। किसानका छोराछोरी देशमा रोजगारीको अभावमा आफ्नो भएको खेतबारी बन्धक राखेर या चर्को ब्याजमा ऋणपान गरेर कामको खोजीमा विदेशिन बाध्य भएका छन्। उनीहरुको मूल गन्तव्य खाडीका मुलुकहरु, मलेशिया र कोरिया हुनेगरेको छ। अदक्ष र अर्धदक्ष मजदुरको रुपमा कम ज्यालामा कठिन कामगर्न र हरेक किसिमले हेपिन र शोषणको शिकार हुन उनीहरु बाध्य छन्। यसतस्कममा उनीहरु विदेश जाने, त्यहाँ कामगर्ने र फर्किने हरेक चरणमा ठगिने र कतिपले ज्यानै समेत गुमाउने गरेका घटनाक्रमहरु वर्षैपिच्छे दोहोरिइरहेका छन्। एकातिर यस्तो स्थिति छभने अर्कोतिर हामी खाद्यान्न लगायतका अन्य कृषिजन्य वस्तुहरु आयात नगरी मसला आदि हामी बाहिरबाटै मगाएर बाँच्न बाध्य छौं। कृषिप्रधान देशको योभन्दा ठूलो अर्को दुर्दशा र बिडम्बना अरु के हुनसक्छ ? अत्यन्तै बिचारणीय र गम्भीर कुरा छ। वास्तवमा हामी कृषिप्रधान देशबाट अब कृषि-आयात प्रधान देश बनिसकेका या बनिरहेका छौं। यतिमात्र होइन, हाम्रो खेतीपाती अहिले पनि मौसमी नै छ। खेतीयोग्य जमिनको बढीमा २० प्रतिशतमात्र सिञ्चित छ। अरु सबै आकाशको भर छ। हाम्रा नदी नालाहरुको पानी या त त्यसै खेर गइरहेको या ती नदी नाला पनि प्रत्यक्ष परोक्ष विदेशीहरुको कब्जामा परिसकेका छन्। जसको उपयोग नेपाली किसानको हितमा हुन सक्ने अवस्था गुमिसकेको या गुम्दै गएको छ। आवश्यक सिंचाईको अभावको यस्तो स्थितिलेगर्दा पनि प्रतिइकाई जमिनबाट लिनसकिने अधिकतम उत्पादन लिन सकिने स्थिति नै छैन। त्यसमा पनि उन्नत बिउ, मल, रोग तथा कीटनाशक औषधिजस्ता सबै कुरामा हाम्रो देशले अरुकै मुख ताक्नुपर्ने परनिर्भर स्थिति छ। उत्पादन बृद्धि गर्न सन्तुलित र वैज्ञानिक किसिमले रासायनिक मलको उपयोगगर्न मल कारखाना खोल्न सकिने कच्चा पदार्थ नेपालमै भएको कुरा बारम्बार प्रकाशमा आइरहेको भएपनि त्यसका लागि आवश्यकपर्ने सही राष्ट्रिय विद्युतको अभावले मल कारखाना स्थापना हुन सकेको छैन। जसलेगर्दा सबै कृषिजन्य सामग्रीमा बाहिरनै भर पर्नुपर्ने स्थिति कायम रहेको छ। यस्तो स्थितिमा खेतीपातीमा किसानको लागत बढ्छ। यी सबै कुरा झेलेर र छिचोलेर किसानले गरेको उत्पादनले बजारमा उचित मूल्य पाउँदैन। उसले लगानी नउठ्नेगरी सस्तोमा बेच्न बाध्य हुनुपर्दछ। आज नेपाली कृषि पेशा अनाकर्षक हुनु र कृषिबाट जनशक्ति पलायन हुनुको मूलकारण नै यही हो। हाम्रा ऊर्जाशील युवाहरु यसरी विदेश जान बाध्य भएर उनीहरुले कमाएको विप्रेषणबाट राष्ट्रिय आयमा घटीमा २५ देखि ३० प्रतिशत योगदान गरेको छ। यस प्रकार कृषि क्षेत्र र किसानका छोराछोरीले बैदेशिक रोजगारीमा विदेश गएर गैरकृषि ज्यालादारीबाट कमाएको आम्दानी समेतको हिसाब गर्दा कृषि क्षेत्रले अहिले पनि राष्ट्रिय आम्दानीमा ६० प्रतिशत योगदान गरिरहेको प्रष्ट देख्न सकिन्छ। किसानवर्गमा व्याप्त यी समस्याहरुको समग्र समाधान केवल कृषि क्रान्तिमा मात्र छ। यसको निमित्त किसानहरु सचेत, संगठित र संघर्षशील भएर जल, जमिन, जंगलमाथिको आफ्नो सामूहिक स्वामित्व स्थापना गर्न, तिनको शतत् संरक्षणगर्दै ती श्रोत साधनहरुलाई अधिकतम उत्पादनको निम्ति सदुपयोग गर्न र किसानको जीवनमा चौतर्फी समुन्नति ल्याउनका निम्ति कृषिमा आमूल अर्थ-राजनीतिक तथा सामाजिक-सांस्कृतिक रुपान्तरणको अपरिहार्य आवश्यकता छ। त्यसैले कृषि क्रान्तिको जड र जग- 'क्रान्तिकारी वैज्ञानिक भूमिसुधार, राष्ट्रिय औद्योगिकरण र आम विद्युतीकरण'को मूलभूत राष्ट्रिय मुद्दालाई एकीकृतरुपमा उठाएर कृषि र किसानका समस्या हलगर्न कृषि क्रान्तिको आवश्यकता रहेको छ र यसैका निमित्त किसानवर्गको मुक्ति र समुन्नतिका निम्ति क्रियाशील सबै अग्रगामी किसान संगठनहरु निरन्तर क्रियाशील र आन्दोलित हुनुपर्दछ। समाजका अन्य सचेत तह र तप्का अर्थात् प्राध्यापक, शिक्षक, युवा-विद्यार्थी, चिकित्सक, इन्जिनियर, कानून व्यवसायी, निर्माण व्यवसायी तथा नेपाललाई मायागर्ने देशभक्त एनआरएन (गैह्रआवासीय नेपालीहरु)ले पनि जीवनदायिनी यी किसान वर्ग र कृषिका समस्या सही किसिमले अग्रगामी समाधानका लागि योगदान पुर्‍याउन आवाज उठाउनु, सहयोग र समर्थन गर्नु अत्यावश्यक छ। यसरीमात्र राष्ट्रको सर्वतोमुखी अग्रगामी समृद्धि हुन आधार तयारगर्न सकिन्छ। अरु कुनै बनिनाऊ विकल्प छैन। किसानवर्गको संघर्ष यसैका लागि होभन्ने कुरा सम्बद्ध सबैले आत्मसात र बोध गरिनु अपरिहार्य छ। **लेखक : नेकपाका संयोजक हुनुहुन्छ।**

# सहकारी पीडतहरुले कुनैपनि निकायबाट न्याय नपाएको खुलाशा

काठमाडौं। सहकारी पीडतहरुले कुनैपनि निकायबाट न्याय नपाएको खुलाशा भएको छ। प्राप्त समाचार अनुसार सहकारी पीडितहरुले सहकारी क्षेत्रको नियमनसँग सम्बन्धित अधिकार तथा जिम्मेवारी पाएका नौवटा निकायबाटसमेत न्याय नपाउँदा उनीहरु निराश भएको देखिएको छ। सहकारीमा बचत गरिएको रकम फिर्ता नपाउँदा रन्थनिएका सहकारी पीडित राज्यका बिभिन्न निकायका ढोका निरन्तर ढक्ढक्याउँदै आएका छन्। एउटाले अर्को र अर्कोले अर्को निकायलाई देखाउँदा अन्योल बढाएको देखिएको छ। सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, राष्ट्रिय सहकारी नियमन प्राधिकरण देशैभरका सहकारीको समस्या समाधानका जिम्मेवार निकाय मानिन्छन्। प्रदेश तहका सरकारका सहकारी मन्त्रालय, प्रदेश तहका सहकारी निर्देशनालय, प्रदेश सहकारी बोर्ड प्रदेश तहका नियामक निकाय हुन्। स्थानीय सरकारलाईसमेत सहकारी नियमनको अधिकार प्राप्त छ। त्यसैगरी राज्यका तीनैतहका नौवटा निकायबाट न्याय नपाएका सहकारी पीडितले पटक, पटक आन्दोलनगर्दै आएका छन्। सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि बिभिन्न निकाय स्थापना र कानूनी व्यवस्था भएपनि बचतकर्ताको पीडा र सहकारीका समस्या भने यथावत रहेका छन्।

पछिल्ला बर्षहरुमा सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकारले समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठनदेखि बिभिन्न कानूनी तथा संरचनात्मक व्यवस्था गरे पनि उल्लेखनीय नतिजासहित सहकारीका नौवटा निकायबाट पनि सहयोग पाउन सकेका छैनन्। ०७२ को संविधानले तीनखम्बे अर्थनीतिको एउटा खम्बा मानेको सहकारी क्षेत्रलाई सिद्धान्ततः स्वनियमनकारी मानिएको सहकारी दर्तागर्ने निकायहरुले कुनै न कुनै नाममा अनुगमन तथा सुपरिवेक्षणलगायत जिम्मेवारी निर्वाह गर्नुपर्ने दायित्व रहेको छ। संविधान, कानून तथा नियमावलीले तोकेका जिम्मेवारीको दोहोरोपनले कतिपय काममा अल्झन, दोहोरोपन र परिणामभन्दा प्रक्रियामुखी काममा अल्झने अवस्था भएको सरोकार वालाहरुको भनाई छ। सरकारले ०७५ सालको असार १८ देखि ०८१ को साउन आठसम्म २३ वटा सहकारीलाई संकटग्रस्त घोषणा गरेको थियो। त्यसपछि सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले काम गरिहेको बताउने गरिएको छ। सहकारी ऐनअनुसार सरकारले संकटग्रस्त घोषणा गरेका सहकारीको दायित्व फिर्तागर्ने उद्देश्यले स्थापना भएकोसमितिले सरकारले घोषणा गरेका २३ वटा सहकारीमध्ये तीनवटाको मात्र समस्या समाधान गरिएको छ। सहकारी विभागको सिफारिसमा संकटग्रस्त घोषणा गरिएका २३ वटा सहकारीमध्ये कुबेर बचत तथा ऋण सहकारी, चार्टर्ड सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड र **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## अमेरिकाको न्युयोर्कमा मेयर जितेका बामपन्थी मम्दानी र समाजवादको बहस

**कर्तव्य**

अमेरिकाको न्युयोर्कको मयरमा आप्रवासी समुदायका र बामपन्थी राजनीतिक पृष्ठभूमीका ३४ वर्षीय जोहरान मम्दानीको बिजय यतिबेला विश्वमै चर्चाको बिषय भएको छ। जसलाई बिबिसी र सिएनएन लगायतका अन्तराष्ट्रिय सञ्चार माध्यमले प्रमुखता दिएका छन्। खुला बजार, पूँजीवादी अर्थ प्रणाली र खुला प्रतिस्पर्धालाई प्रमुख मुद्धा बनाएर जोहरान मम्दानी गतसाता बुधबार न्युयोर्कको मेयर निर्वाचित हुनुभएको थियो। डेमोक्रेटिक पार्टीबाट उम्मेदवार हुनुभएका उहाँले चुनावी प्रचारकाक्रममा न्युयोर्क सबैका लागि सुलभ शहरभन्ने नारा दिनुभएको थियो। कोलम्बिया



विश्वविद्यालयसँगको सहकार्यमा रोबिन हुड फन्डले तयार गरेको पछिल्लो अध्ययन प्रतिवेदनअनुसार न्युयोर्कमा झन्डै २५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छ। जुन विश्व महाशक्ति देश अमेरिकाको राष्ट्रिय औसतको दाँजोमा दोब्बर भएको बिश्लेषकहरुको भनाई छ। न्युयोर्कको झन्डै आधा जनसंख्यालाई दैनिक आधारभूत खर्च जुटाउन पनि मुस्किल रहेको उक्त रिपोर्टमा उल्लेख गरिएको छ। उच्च अपार्टमेन्ट भाडा त्यहाँको अर्को समस्या रहेको छ। त्यहाँका मानिसहरुको आयको झण्डै एकतिहाइ खर्च घर भाडामै जान्छ। मध्यम तथा निम्न वर्गले त्यसरी दैनिक जीवनमा संघर्ष गरिरहनुपरेको यो शहरमा उच्च वर्गको संख्याभने बढ्दो रहेको छ। ब्लुमवर्गको पछिल्लो रिपोर्टअनुसार हरेक २४ जनामध्ये एकसँग १० लाख अमेरिकी डलरभन्दा धेरै सम्पत्ति छ। शहर महँगोहुँदै गएपछि कम तथा मध्यम आय भएकाले छाड्ने र धनाढ्यहरु भित्रनेक्रम बढेको छ। आप्रवासीको शहरका रुपमा चिनिएको न्युयोर्कमा पछिल्लो समय रंगभेद पनि बढ्दो अवस्थामा रहेको बताइन्छ। त्यस्तो परिस्थितिलाई नजिकबाट नियालेका मम्दानीले भुँइमान्छेका जीविकासँग जोडिएका समस्यालाई आफ्नो चुनावी मुद्धा बनाएर चुनाव जित्नु भएको हो। उहाँले प्रत्येक स्टिटमा सुलभ किराना पसल स्थापनागर्ने, अपार्टमेन्टमा भइरहेको भाडावृद्धि रोक्ने, निःशुल्क




बस सेवा सञ्चालनगर्ने, बालबालिकालाई हेरचाहको प्रबन्ध मिलाउने, दुई लाख नयाँ आवास इकाई स्थापना गर्नेलगायत लोककल्याणकारी मुद्धा अघिसार्नुभएको छ। चुनावमा मम्दानीले १० लाखभन्दा धेरै मत (५०.४ प्रतिशत) प्राप्त गनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी स्वतन्त्र उम्मेदवार एन्ड्रियु कुओमोले आठ लाख ५० हजार (४१.६ प्रतिशत) तथा रिपब्लिकन पार्टीका कर्टिस स्लिमाले एक लाख ४६ हजार (७.१ प्रतिशत) हाराहारीमा मत ल्याएको तथ्यांक छ। कुओमो सन् २०११ देखि २०२१ सम्म न्युयोर्क राज्यको गभर्नर हुनुहुन्थ्यो। डेमोक्रेटिक पार्टीको प्राइमरी इलेक्सनमा मम्दानीसँग पराजित भएपछि उहाँले स्वतन्त्र उम्मेदवारी दिनुभएको थियो। निर्वाचनको पूर्वसन्ध्यामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मम्दानीको विरोध गनुभएको थियो। भनिन्छ आफ्नै पार्टी रिपब्लिकनका उम्मेदवार कर्टिस स्लिमाबारे मौन रहनुभएका उहाँ स्वतन्त्र उम्मेदवार कुओमोको समर्थनमा हुनुहुन्थ्यो। उहाँले सामाजिक सञ्जालमार्फत मम्दानीले चुनाव जितेमा संघीय अनुदान रोकिदिने चेतावनीसमेत दिनुभएको थियो। उहाँले सामाजिक सञ्जालमा कम्युनिष्ट उम्मेदवार जोहरान मम्दानीले जितेमा मैले न्यूनतमबाहेकको संघीय अनुदान दिने सम्भावना निकै कम छ। म खराब मानिसलाई राम्रो पैसा पठाउन चाहन्न भन्ने उल्लेख गर्नुभएको थियो। अर्कोतिर कुओमोलाई डेमोक्रेटिक पार्टीको प्राइमरी निर्वाचनअगावै न्युयोर्क शहरका खर्बपतिहरुको समूहले समर्थन गरेको थियो। पूर्वमेयर माइकल ब्लुम्बर्ग र बिल एक्म्यानजस्ता खर्बपति कुओमोको पक्षमा खुलेका थिए। आफ्ना जनमैत्री कार्यक्रम कार्यान्वयनका **बाँकी ७ पेजमा**

# फागुन २१ को निर्वाचनमा सबैका आआफ्ना दाउ

**अनुसा थापा**

०४८ सालदेखि ०७९ सालसम्म निरन्तर चुनावमा भाग लिएको मजदुर किसान पार्टीले भक्तपुर निर्वाचन क्षेत्र नम्बर एकमा मात्र विजयी हाशिल गर्छ । यसपटक त मजदुर किसान पार्टीलाई त्यहाँपनि चुनाव जित्न सकस छ । दाहालको सँधै एउटै खेल हुन्छ-जनतालाई ढाँट्ने, साना दललाई भर्याङ्ग बनाउने र ठूला दललाई धोका दिने । उनी पदका लागि जेपनि गर्ने नेतामा पर्छन् । जनयुद्धको कमाण्डर दाहाल तीनपटक प्रधानमन्त्री भए । उनको पार्टीबाट चारपटक प्रधानमन्त्री भएका छन् ।

आगामी फागुन २१ गतेको निर्वाचन हुन्छकि हुँदैन अझै एकिन भएको छैन । तर बिभिन्न पार्टीका नेताहरुले बिभिन्न किसिमले उक्त निर्वाचनलाई आफ्नो पक्षमा पार्ने प्रयास थालेको देखिएको छ । ०७४ सालमा माओवादी केन्द्र र एमालेबीच पार्टी एकीकरणको सम्झौता भयो । ०७४ मंसिर १० र २१ गते भएको संसदीय निर्वाचनमा दुई पार्टीले गठबन्धन गरे । ३३ सिट प्रत्यक्षसहित २० सिट समानुपातिकको गरेर माओवादी केन्द्रले कूल ५३ सिट जित्यो । ०७९ बैशाख ३० गते स्थानीय तह र मंसिर चारगते प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचन भयो । दुवै निर्वाचनमा पाँच दल मिलेर सहभागी भए । जसमा माओवादी केन्द्र पनि थियो । माओवादी केन्द्रले जम्मा ३२ सिट पायो । रोचक प्रशंग त के भने, सबैभन्दा बढी मत ल्याएको काँग्रेसलाई सरकार बनाउन नदिएर माओवादी अध्यक्ष पुष्पकमल दाहाल ०७९ पुस ११ गते प्रधानमन्त्री बने । आगामी फागुन २१ गते निर्वाचन हुने भनिएको छ ।

निर्वाचन नजिकिएसँगै दाहालले पुरानै दाउ खोजेका छन् । बिभिन्न नौं दलसँग मिलेर उनी चुनावमा सहभागी हुन खोजिरहेका छन् । बजारमा एउटा चर्चा छ, मजदुर किसान पार्टीकोजस्तै हालत गतसाता एकजुट भएका नौं दलको हुनेछ । ०४८ सालदेखि ०७९ सालसम्म निरन्तर चुनावमा भाग लिएको मजदुर किसान पार्टीले भक्तपुर निर्वाचन क्षेत्र नम्बर एकमा मात्र विजयी हाशिल गर्छ । यसपटक त मजदुर किसान पार्टीलाई त्यहाँपनि चुनाव जित्न सकस छ । दाहालको सँधै एउटै खेल हुन्छ-जनतालाई ढाँट्ने, साना दललाई भर्याङ्ग बनाउने र ठूला दललाई धोका दिने । उनी पदका लागि जेपनि गर्ने नेतामा पर्छन् । जनयुद्धको कमाण्डर दाहाल तीनपटक प्रधानमन्त्री भए । उनको पार्टीबाट चारपटक प्रधानमन्त्री भएका छन् ।

माओवादी केन्द्र जसको सरकार बन्छ, त्यसमा सहभागी भएको छ । प्रश्न उठ्छ-पटक,पटक कामगर्ने ठाउँमा पुगेर माओवादी केन्द्रले गर्‍यो चाँहि के ? माओवादी केन्द्रका अध्यक्ष दाहालदेखि जम्मै नेता विलासित बने । देश र जनताका लागिभन्दै हिजो हतियार उठाएको नेतालाई ट्वाईलेटबाट उठाउनुपरेको खबरहरु बाहिरियो । रक्सी खाएर शौचालयमै लडेपछि उनलाई अरुले उठाएर अस्पताल पुर्‍याएनुपरेको विषय व्यापक चर्चामा आएको थियो । त्यतिमात्र होइन, उनी आफ्नो नाँडीमा ७८ लाखको घडी बाँध्छन् भनिन्छ । आफ्नी बुहारीलाई मन्त्री बनाएका उनले भाइलाई राष्ट्रियसभाको अध्यक्ष बनाएका छन् । छोरी चितवनको भरतपुरमा मेयर छिन् । अनि यस्तो व्यक्तिलाई जनताले फेरिपनि भोट देलान् ? के उनले अझैपनि जनता लाटो छन्भनेर सोचेका छन् ? जनताले अघिल्लो पटकको चुनावमा काँग्रेसलाई ८९ सिट दिए । तर, उनले काँग्रेसलाई सरकार बनाउन दिएनन् । काँग्रेस र एमालेलाई धोका दिने काम गरिरहे । जसले उनको नियत घामजस्तै छर्लङ्ग पारिदियो । पहिलोपटक संविधानसभाको निर्वाचन र देशमा राजतन्त्रको अन्त्य हुनुभन्दा अगाडि उनले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालसँग राष्ट्रपति दिन्छौंभनेर मौखिक सम्झौता गरे । गिरिजाकै बलमा ०६४ चैत २८ गते चुनाव भयो, ०६५ जेठ १५ गते देशबाट राजतन्त्र हट्यो । तर, उनले गिरिजालाई राष्ट्रपतिमा समर्थन गरेनन् ।

जसका कारण पहिलो संविधानसभाको निर्वाचनबाट संविधान बन्न सकेन । गिरिजालाई राष्ट्रपति दिएको भए, पहिलो संविधानसभाबाटै संविधान बन्ने थियो । उनी कस्तो व्यक्ति हुन् ? यसबाट पनि पुष्टि भयो । उनकै कमाण्डमा देशमा १० बर्ष जनयुद्ध भयो । जसमा १७ हजारको ज्यान गएको छभने हजारौं घाइते र बेपत्ताभएका छन् । जनताले आफ्नो छोराछोरी गुमाए, दाहालले त्यो पीडा भोग्नुपर्‍यो ? उनले जनताको छोराछोरीलाई युद्धमा धकेलेर आफ्ना छोराछोरी जोगाए । त्यो त भयो नै, तर मन्त्री, मेयर बन्ने बेलामा पनि आफ्नालाई नै छाने । दाहाल देश बनाउन होइन, देश सिध्याउन आएका व्यक्ति हुन् । १० बर्ष जनयुद्धको समयमा उनले खर्बौको सरकारी सम्पत्ति ध्वस्त बनाइदिए । माओवादी शान्ति सम्झौतामा आएको १९ बर्ष लाग्यो । तर, यो अवधिमा माओवादीले के गर्‍यो ? कामगर्नको लागि त भिजन पनि हुनुपर्‍यो, जुन माओवादी केन्द्रसँग छैन । कसरी पदमा जाने र विलासित जीवन जिउने भन्नेमै ध्याउन्न हुनुको नतिजा अहिले माओवादी केन्द्रले भोगिरहेको छ । कुनैबेला पहिलो पार्टी भएको एमाओवादी अहिले ससाना पार्टीसँग गठबन्धनगर्दै हिँड्नुपरेको छ । अन्य पार्टीले के बुझ्नुपर्छ भने माओवादी केन्द्रसँग गठबन्धन गर्नुभनेको आफ्नो पार्टी पनि सकाउनु हो ।

माओवादीले ०५२ फागुन एकगते जनयुद्ध शुरुगर्दा जनसंख्या दुई करोडको हाराहारीमा थियो । त्यतिबेला एक नेपालीको टाउकोमा विदेशी ऋण तीनहजार थियो । पछिल्लो जनगणनाअनुसार नेपालको जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ । जनसंख्या बढ्यो, ऋण पनि बढ्यो । अहिले एक नेपालीको टाउकोमा ९३ हजार रुपैयाँ वैदेशिक ऋण पुगेको छ । अनि यिनले देश बनाउँछन् ? देश डुबाउनेहरुलाई अझैपनि जनताले भोट दिन्छन् भने जनताको आँखा कहिल्यै खुल्दैन, देश कहिल्यै विकास हुँदैन । दाहालमात्र होइन, माओवादीमा भएका अन्य नेता पनि त्यस्तै छन् । जनार्दन शर्मा पटक,पटक मन्त्री भए । शान्तिमन्त्री, जलश्रोतमन्त्री, गृहमन्त्री र अर्थमन्त्री भए । चारपटक मन्त्रीहुँदा उनले सिन्को भाँचेका छैनन् । माओवादी नेताहरुले जानेको सुन तस्करीगर्न, सरकारी सम्पत्ति दोहनगर्न, भ्रष्टाचारगर्न, थर्काउन र लुट्न हो । झुठ बोल्नलाई माओवादीलाई कसैले भ्याउँदैन । माओवादीबाट टुक्रिएर गएको र माओवादीमा भएकाहरु सबै उस्तै छन् । माओवादीले जनताको मतको कदर गरेको भए, भदौ २३ र २४ गतेको घटना हुँदैनथ्यो । जनताले काँग्रेसलाई पहिलो पार्टी बनाएर पठाएको थियो । तर, दाहालले जालझेल गरेर काँग्रेसलाई सरकारनै बनाउन दिएनन् । एउटा कुरा के स्पष्ट छभने-माओवादी केन्द्रले कहिल्यैपनि जनतालाई सुःखसँग बाँच्न दिँदैन । हिजो १० बर्ष जनयुद्धमा पनि जनतालाई शान्तिसँग बाँच्न दिएन, अहिलेपनि त्यहीँ गरिरहेको छ । काँग्रेसलाई सरकार चलाउन दिएको भए, अहिलेको अवस्थानै सिर्जना हुँदैनथ्यो । ७६ जनाको ज्यान जाँदैन्थ्यो, खर्बौंको सम्पत्तिमा क्षति हुँदैनथ्यो । ०८४ मा निर्वाचन हुन्थ्यो । ०७९ मा भएको निर्वाचनमा राज्यको खर्बौं खर्च भएको छ । फागुन २१ गते चुनाव गराउँदा फेरि अर्बौं लाग्नेभएको छ । माओवादीले 'गाउँगाउँमा सिंहदरबार' को नारा लगायो । गाउँगाउँको सिंहदरबार अहिले जनतालाई नै टोक्नु न बोक्नु भएको छ । देशमा सात प्रदेश र ७५३ स्थानीय पालिका छ । प्रदेश र स्थानीय पालिका आफ्ना कार्यकर्ता भर्ती गर्ने थलोमात्र बन्यो । जनताको सेवागर्न आएका भनिएका जनप्रतिनिधिहरु जनताले तिरेको करमा दर मार्नैमा व्यस्त छन् । देश संघीयतामा गयो तर जनता र राज्यलाई के फाइदा भयो ? प्रशासनिक भवन भनेका छन्, घुस खाएका छन् । वडाध्यक्षदेखि मेयर र सांसदसम्मले सरकारी गाडी चढेका छन् । मासिक लाखौं रुपैयाँ तलबभत्ता बुझेका छन् । करारमा आफ्ना कार्यकर्ता भर्ती गरेका छन् । अब भनौं-माओवादी देश बनाउन आएको रहेछकि देश लुट्न ? जनयुद्ध शुरुगर्दा माओवादीका नेताहरुले आफ्नो पुर्ख्यौली सम्पत्तिसमेत राष्ट्रलाई दिने घोषणा गरे । तर, यिनीहरुले त राष्ट्रलाई दिने होइन, राज्यकोष लुटे । चप्पल लगाउनसक्ने हैसियत नभएका नेताहरु अहिले महलजस्तो घरमा बस्छन् । करोडौं पर्ने गाडी चढ्छन् । छोराछोरी विदेश पुर्‍याएका छन् । पदमा पुगेर भ्रष्टाचार गरेर अंकुत सम्पत्ति जोडेका छन् । यस्ताको अनुहार जनताले राम्ररी चुनिराखौं । देश लुट्ने जोसुकै होस्, तिनलाई ठीकपार्न आवश्यक भइसकेको छ । योगर्न सक्ने जनता नै हुन् ।

# बिद्युत महसुल बिवादमा सरकार झुक्नुपर्ने अवस्थाको सिर्जना

काठमाडौं । बिद्युत महसुल बिवादमा सरकार झुक्नुपर्ने अवस्थाको सिर्जना भएको छ । डेडिकेटेड र ट्रङ्कलाइनको महसुलसम्बन्धी बिवाद क्रमशः समाधानको दिशामा पुगेको बताइएको छ । डेडिकेटेड र ट्रङ्कलाइन वापतको झण्डै आठअर्ब बराबरको रकम उद्योगीले तिर्नुपर्ने प्राधिकरणले जनाउँदै आएको छ । उद्योगी तथा व्यवसायीले प्राधिकरणले तयगरेको २८ वटा किस्तामध्ये पहिलो किस्ता शर्तसहित तिर्न तयार भएपछि बिवाद समाधान हुनेतर्फ अघिबढेको बताइन्छ । तर खासमा उद्योग ब्यवसायीको तीव्र बिरोध र नेपालको उद्योगमा अन्तराष्ट्रिय लगानी निरुत्साहित हुनेभएपछि सरकार वार्ताका लागि तयार भएको देखिएको छ । उद्योगी तथा व्यवसायीले पहिलो किस्ता बुझाएको १५ मिनेटभित्रै काटिएका लाइन जोडन नेपाल बिद्युत प्राधिकरण बाध्य भएको छ ।

गत साता सोमबारमात्रै चारवटा उद्योगले पहिलो किस्ता जम्मा पारेको १५ मिनेटमै प्राधिकरणले बिच्छेद गरिएको लाइन जोडिदिएको थियो । त्यसबाट पनि सरकार क्रमशः दबावमा पर्दैगएको अनुमानगर्न सकिन्थ्यो । नेपाल उद्योग वाणिज्य महासंघको सचिवालयमा गतसाता सोमबार आयोजित एक पत्रकार सम्मेलनमा नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्राधिकरणले दिएको २८ किस्ताको सुविधामध्ये पहिलो किस्ताको रकमलाई किस्ताकारुपमा नलिई धरौटीकारुपमा बुझाएपछि काटिएको लाइन जोडिने जानकारी दिनुभएको थियो ।

पहिलो किस्तालाई किस्ताका रुपमा नमानी धरौटीकारुपमा बुझाएपछि उद्योगीहरु पुनरावलोकनमा जाने र सँगै अन्य कानूनी उपचार खोज्न पनि सक्ने भएका छन् । प्रधानमन्त्री सुशीला कार्की, अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जा जलश्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ, उद्योग वाणिज्यमन्त्री अनिल सिन्हा, मुख्यसचिव एकनारायण अर्याल, सचिवहरु र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालबीच भएको छलफलबाट डेडिकेटेड र ट्रङ्कलाइन बिवाद समाधानको मध्यमार्गी प्रस्ताव गरिएको थियो । प्रस्तावअनुसार उद्योगीले प्राधिकरणले यसअघि रकम बुझाउनेगरी दिएको सुविधा २८ किस्ताको एक किस्ता बराबरको रकमलाई किस्ताकारुपमा नभइ विवादित रकम मानि धरौटीकारुपमा बुझाएपछि काटिएको बिद्युतको लाइन तुरुन्त जोडिने छ । उक्त धरौटी रकम बुझाएपछि उद्योगीहरु पुनरावलोकनमा जानेसँगै अन्य कानूनी उपचार पनि खोज्न सक्नेछन् । सम्बन्धित उद्योगीले प्राधिकरणमा धरौटी बुझाउँदानै सोही निवेदनमा आफ्नो असहमति समेत राखी पुनरावलोकन एवं अन्य व्यहोरा उल्लेखगरी पेशगर्न सक्नेछन् ।

समस्या समाधानका लागि महासंघका अध्यक्ष ढकालले गतसाता नै प्रधानमन्त्री कार्की, अर्थमन्त्री खनाललगायत उच्च अधिकारीसँग भेट गर्नुभएको थियो । त्यसलगत्तै सम्बन्धित उद्योगीलाई महासंघमा आमन्त्रितगरी छलफल गरिएको थियो । उद्योगीहरुले महासंघ अध्यक्षलाई छलफलगर्दा किस्ता रकम नभनी विवादित रकमको धरौटीका रुपमा प्राधिकरणले स्वीकारगरी कानूनी उपचारको अवसर प्राप्त भए सहमति हुनसकिने बताएका थिए । पछिल्ला दिनमा करिब दुइ दर्जन उद्योगको डेडिकेटेड र ट्रङ्कलाइन प्रयोग गरेवापतको प्रिमियम रकम नबुझाएकोभन्दै प्राधिकरणले लाइन काटेको छ । लामो समयदेखि बिवाद समाधानका लागि अनेकन प्रयास भएपनि सार्थक समाधान हुनसकेको थिएन । पछिल्लो पटक सरकार र उद्योगी व्यवसायीबीच छलफलका आधारमा मध्यमार्गी प्रस्ताव तयार पारेर समाधानको उपाय निकालेका हुन् । प्राधिकरणले पनि पहिलो किस्ताको रकम उपलब्ध गराए लाइन जोडिने प्रष्ट पारिसकेकाले बिवाद तत्कालका लागि समाधान हुने स्पष्ट भएको छ । जनस्तरबाट सरकारले नै उद्योग बन्द गराएको आवाज उठेपछि पछिल्लो समयमा प्रधानमन्त्री सुशीला कार्कीले बिद्युतको प्रिमियम महसुल बिवादमा संवादको थालनी गर्नुपरेको थियो । डेडिकेटेड र ट्रंकलाइनको प्रिमियम महसुल बिवादमा बिद्युत प्राधिकरणले केही उद्योगमा लाइन काटेको १३ दिनपछि प्रधानमन्त्रीले संवादको थालनी गर्नुभएको थियो । त्यस विषयमा छलफलगर्न अर्थमन्त्री रामेश्वर खनाल, उद्योगमन्त्री अनिल सिंहा, ऊर्जामन्त्री कुलमान घिसिङ र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा बोलाइएको थियो । त्यसअघि सम्बन्धित विषयमा कुरा राख्न लाइन काटिएका उद्योगीका प्रतिनिधिले पटक,पटक प्रधानमन्त्रीको समय मागे पनि पाउन सकेका थिएनन् । समय नपाएपछि उनीहरुले पत्रमार्फत आफ्नो ज्ञापनपत्र पठाएका थिए । गतसाता भएको प्रदेश मुख्यमन्त्रीहरुको छलफलमा समेत सो विषय उठेपछि प्रधानमन्त्रीले तत्काल छलफल डाक्नुभएको जानकारहरुको **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## अमेरिकामा ११७ औं लक्ष्मी जयन्ती तथा पुरस्कार वितरण समारोह

काठमाडौं । अमेरिकाको वाशिंटन डिसीमा गतसाता अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को ११७ औं लक्ष्मी जयन्ती तथा पुरस्कार वितरण समारोह भएको थियो । बिभिन्न साहित्यकार तथा पत्रकार, लेखकलाई अमेरिकाका राज्य संसदले प्रदान गरेको प्रशंसापत्र प्रदान गरियो । सो कार्यक्रममा विश्वभरि छरिएर रहेका नेपाली भाषा र साहित्यको क्षेत्रमा साधनारत साहित्यकार, लेखक तथा श्रष्टाले नेपाली भाषा र साहित्य उत्थानका लागि हातेमालो गरेर कामगर्न आग्रह गर्नुभएको थियो । कार्यक्रमलाई सम्बोधनगर्दै अमेरिकामा नेपालीमूलका पहिलो निर्वाचित सांसद डेलिगेट डा. ह्यारी भण्डारीले डायस्पोरामा रहेका नेपालीले नेपाली भाषा र साहित्यलाई विश्वव्यापीकरणगर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभएको थियो । त्यसैगरी गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले लक्ष्मीप्रसाद देवकोटाको योगदानलाई भावी पुस्तासम्म पुर्‍याउन अहम् भूमिका खेल्न अनुरोध गर्नुभएको थियो ।




ऐरीले विदेशी भूमिमा नेपाली कला साहित्य र स्रष्टाबारे छलफल हुनु, पुरस्कार प्रदान गरिनु नेपाली साहित्यको विश्वव्यापीकरणका लागि महत्वपूर्ण विषय भएको बताउनु भयो । विओटीका पूर्वअध्यक्ष डा. श्याम कार्कीले भाषा र साहित्य उत्थानका लागि अनवरतरुपमा कामगर्ने र उनीहरुको योगदानले भाषा र संस्कृति जीवन्त राख्न मद्धतगर्ने बताउनुभएको थियो । अनेसास विओटीका उपाध्यक्ष तीर्थराज पाण्डेयले अनेसासको माध्यमबाट प्रवासी भूमिमा भाषा र संस्कृति जगेर्नागर्न निरन्तर लागिरहने प्रतिबद्धता समेत जनाउनु भएको थियो । विओटीका अध्यक्ष पदम विश्वकर्माले अनेसासको माध्यमबाट भाषा र साहित्य क्षेत्रमा बिभिन्न कार्यक्रम आयोजना गरेर मातृभूमि र प्रवासी भूमिलाई एकताको सूत्रमा बाँध्न प्रयत्नशील रहेको बताउनुभएको थियो । अनेसास केन्द्रीय समितिका अध्यक्ष सर्वज्ञ वाग्लेले नेपाली भाषा र साहित्य क्षेत्रमा कामगर्न अनेसासले आगामी दिनमा तथ्यांक र दस्ताबेजीकरणलाई प्राथमिकतामा राखेको बताउनुभएको थियो । कार्यक्रममा अनेसास सर्वोत्कृष्ट पुरस्कार रोशन थापाको सन्त्रासका साठी दिन उपन्यासलाई, अनेसास नन्दादेवी सर्वोत्कृष्ट लोकसाहित्य पुरस्कार शशीराम कार्कीलाई प्रदान गरिएको थियो । डायस्पोरा वाङ्मय पुरस्कार डा. तुलसी आचार्यको स्वप्नभूमि, निबन्ध यात्रा पुरस्कार मोमिलाको निबन्धसंग्रह प्रश्नहरु बाँकी छन् सांस्कृतिक अध्ययन विधाको डा. दुर्गाबहादुर घर्तीलाई प्रदान गरिएको छ । अनेसास राष्ट्रकवि काव्य पुरस्कार कवि जगन्नाथ पौडेलको बग्दाबग्दै र कृसु क्षेत्रीको पसिनाको क्यानभासलाई प्रदान गरिएको थियो । उत्कृष्ट कथा पुरस्कार कृष्ण कुसुमको कथासंग्रह पार्श्व धुनलाई, उत्कृष्ट कथा पुरस्कार अखण्ड भण्डारीको बोरा उपन्यासलाई, अनेसास गीत गजल पुरस्कार लक्ष्मण सिटौलाको गीतसंग्रह धर्तीका ध्वनिलाई र अनेसास गीत, बालसाहित्य पुरस्कार बालसाहित्य यात्रामा देशकी लेखिका बिमला निरौलालाई प्रदान गरिएको थियो ।

## झापाका साहित्यकार नेपालको निधन

काठमाडौं । झापाको चन्द्रगढीका साहित्यकार तथा पूर्वशिक्षक गणेशप्रसाद नेपालको ८२ वर्षको उमेरमा गतसाता बुधबार काठमाडौंमा निधन भएको छ । मुटु, प्रोष्टेटलगायतका स्वास्थ्य समस्याका कारण करिब तीन सातादेखि उहाँ काठमाडौंस्थित शिक्षण अस्पताल महाराजगञ्जमा उपचाररत रहनुभएको थियो । उपचारकै क्रममा गतसाता बुधबार बिहान साढे १० बजे नेपालको निधन भएको थियो । ०२८ सालदेखि



शिक्षण पेशामा संलग्न नेपालले भोजपुर, धरान र झापामा बिभिन्न बिद्यालय तथा संस्कृत बिद्यापीठहरुमा करिब पाँच दशक अध्यापन गर्नुभएको थियो । ०७१ सालमा सेवाबाट अवकाश लिएपछि उहाँ साहित्य सिर्जनामा सक्रिय हुनु भएको थियो । उहाँका परदेशको व्यथा (काव्य ०७२) र समयका कविता (०८०) प्रकाशित कृतिहरु रहेका छन् । उहाँको गुनीको गाना (नीति काव्य) प्रकाशनको अन्तिम तयारीमा थियो । त्यसैगरी तेश्रो कृति लेखिसिध्याएर प्रकाशनको तयारीमा । ००१ साउन २१ गते भोजपुरको कोट गाविसमा जन्मिनु भएका नेपाल ०४० **बाँकी ८ पेजमा**

# नेपालमा देखिएको बिधि र पद्धतिको कमी

रुषा थापा

## आर्थिक मञ्च

नेपालमा बिधि र पद्धतिको कमी रहेको चर्चाहुँदै आएको छ। जुन आफैमा गंभिर बिषय हो। बिधि र पद्धतिअनुसार नचल्दा अराजकताले प्रश्रय पाउँछ। अमेरिका, अस्ट्रेलियालगायत विकसित मुलुकहरुमा जग्गाको स्वामित्व राज्यलाई दिइएको हुन्छ। त्यहाँ हरेक व्यक्तिले आफ्नो आम्दानी र खर्चको विवरण राज्यलाई बुझाउनुपर्छ। आफूले कमाएको सम्पत्तिको श्रोत र कर तिरेको प्रमाण देखाउन नसकेमा सो सम्पत्ति राष्ट्रियकरण हुनुकासाथै सम्बन्धित व्यक्तिलाई सजाय हुन्छ। विकसित मुलुकहरुमा १८ बर्ष पुगेपछि अभिभावकसँग बस्न पाइँदैन। अलग्गै बस्नुपर्छ र कामगर्दै पढ्नुपर्छ। चाँहे अभिभावक जतिसुकै धनी होस, सन्तानले काम गर्नैपर्छ। यसरी उसले ६५ बर्षसम्म काम गर्दछ। त्यसपछि उसको हेरचाह सम्बन्धित परिवारले चाहेमा परिवार नभए राज्यलेनै गर्छ। र, उसले जीवनभर कमाएको सम्पत्ति आफ्नो सन्तति वा आफन्तलाई दिने मञ्जुरी गरेमा उसैको हुन्छ र मञ्जुरी नदिएमा स्वतः राज्यको हुन्छ। विकसित मुलुकहरुमा बैंकमा पैसा राखेमा ब्याज तिर्नुपर्छ। त्यहाँ सरकारी कर्मचारीलाई कुनै सेवासुविधा दिइँदैन। उनीहरुलाई मासिक होइन, घण्टाको हिसाबले तलब दिइन्छ र अवकाशपछि पेन्सन दिइँदैन। तर हाम्रो देशमा यी सबैको उल्टो छ। यहाँ जग्गाको स्वामित्व जनतालाई दिइएको छ। जसको जग्गा हो, उसले जुनसुकै बेला किनबेचगर्न सक्छ। आम्दानी र खर्चको हिसाबकिताब सरकारले नागरिकसँग खोज्दैन।

यसले राजस्व छल्ने, अरुलाई ठग्ने वा लुटेर सम्पत्ति जोड्ने बढ्दैगएका छन्। हामी कहाँ १८ बर्षदेखि ७० बर्षसम्मका व्यक्तिहरु गफमा व्यस्त देखिन्छन्। आमाबुबाले भ्रष्टाचार गरेर, राजस्व छलेर सात पुस्तालाई पुग्ने सम्पत्ति कमाउँछन्, अनि छोराछोरी कामै नगरी जीवन कटाउँछन्। हाम्रो कानूनअनुसार कोही व्यक्तिको निधन भएमा उसको सम्पत्ति स्वतः सन्तान वा हकदाबीको नाममा जान्छ। अर्कोकुरा, सरकारी कर्मचारीलाई मासिकरुपमा तलब दिइन्छ। उनीहरुका सेवासुविधामात्र अनेकौं हुन्छ। भ्रष्टाचार नगर्ने कर्मचारी भेट्न महामुस्किल छ। सरकारी सेवाको निकै तल्लो तहमा जागिर खाएको पाँच बर्ष नबित्दै कर्मचारीहरु करोडौंको जग्गा किनेर करोडौं खर्चगरी घर ठड्याउँछन्। अनि तलबलेमात्र त्यो सम्भव भयो त ? ३० हजार मासिक तलबले घर खर्च टार्ने अनि छोराछोरी पढाउनेकि घर बनाउने ? आफैं सोचौं। हरेक कर्मचारीले महलजस्तो घर बनाएका छन्। उनीहरुको रहनसहन पहिलेका राजाजस्तो देखिन्छ। अनि त्यति तलबले त्यो सम्भव छ त ? कर्मचारीहरुले भ्रष्टाचार गरेर अंकुत सम्पत्ति जोडेका छन्। तर, सरकार कारवाहीगर्न सक्दैन। अर्को कुरा हामी कहाँ कर्मचारी अवकाशमा जाने र त्यसपछि पेन्सन दिने व्यवस्था छ। जसका कारण राज्यलाई खर्बौको नोक्सानी हुँदैआएको छ। सेवामा रहुञ्जेल त काम नगरेर राज्यलाई लुट्छन्, अवकाशपछि समेत राज्यको ढुकुटी लुटिन्छ।

कर्मचारीदेखि व्यवसायी, सर्वसाधारण सम्मले अंकुत सम्पत्ति जोडेका छन्। राजस्व छलेर। यहाँ एउटै व्यक्तिको पाँचदेखि ६७ वटासम्म महलजस्तो घर भेटिन्छ। यद्यपि, सरकार त्यो घर कुन पैसाले बनाइएको हो ? कसरी पैसा ल्याइयो ? घर भाडामा लगाएर राजस्व तिरेको छ कि छैन ? भनेर खोजतलास गर्दैन। जसले जे गरेपनि राज्य मतलब गर्दैन। जसका कारण यहाँ भ्रष्टाचारगर्ने, राजस्व छल्ने, ठग्ने, लुट्नेहरुको बिगबिगी भयो। कुनै पनि देश विकसित हुनुको पछाडि एउटै मुख्य कारण हुन्छ, राज्य बलियो र कडा हुनु। राज्यले नागरिकका हरेक कुरामा चासो लिएपछि त्यो देश विकासतर्फ मोडिन्छ। किनकि यसले राजस्व छलि, भ्रष्टाचारलाई रोक्नुकासाथै गरिब जनतालाई उकास्न सहयोग गर्छ। तर, हामी कहाँ त जनता के गरिरहेका छन् ? कसले कसरी कमाइरहेका छन् ? भनेरै राज्यलाई थाहा छैन। राज्यकै बेवास्ताका कारण सरकारी सम्पत्ति लुट्नेक्रम बढ्यो। सार्वजनिक, गुठी, ऐलानी, हदबन्दी बढी, मठमन्दिर, तालपोखरी, खोला नदी, वनजंगल, चौतारा, बाटो लगायतको घर कब्जा गरेर वा मिचेर घर, भवन ठड्याउने यहाँ धेरै छन् र त्योक्रम जारी छ। पाँच बर्षअघि बैंकहरुले बचतकर्तालाई ११ देखि १६ प्रतिशतसम्म डिपोजिटको ब्याज दिने प्रलोभन देखाए। सहकारीले त १६ देखि २१ प्रतिशतसम्म ब्याजको लोभ देखायो। यी संस्थाको कर्जा लगानी घरजग्गा, गाडी, सेयर र सुनमा थियो। सेयर बैंक आफैं १०० रुपैयाँ प्रतिकित्तामा निष्काशन गरेको हो। जसको मूल्य बढाएर दलालीहरुले ३२०० पुऱ्याए। १० हजार रोपनीमा नबिक्ने खेतबारीलाई दलाल, भूमाफियाहरुले प्लाटिङ गरेर आनाकै २५ लाखदेखि करोडौं पुऱ्याए। एक रोपनीमा १६ आना हुन्छ। सुन ०२२ सालसम्म ८० रुपैयाँ प्रतितोला थियो। केही दिनअघि त्यही सुन साढे दुईलाख नाघ्यो त ज्याला र अन्य शुल्कसहित तीनलाख रुपैयाँ तोलामा सर्वसाधारणले सुन किने। छिमेकी भारत र चीनमा एक,दुई लाखमा पाइने सवारी साधन अटो शोरुमहरुले पाँच लाखदेखि करोडौंमा बेचेका छन्। सहकारी, लघुवित्त र फाइनान्स त डुबिहाले। ती संस्थासँगै करोडौं बचतकर्ताको खर्बौ रकम पनि डुब्यो। अब बैंकको पालो आएको छ। किनकि पाँच बर्षअघि ११ देखि १६ प्रतिशत ब्याज दिन होडबाजी चल्ने बैंकले अहिले एकदेखि बढीमा दुई प्रतिशत डिपोजितको ब्याज दिन्छ। बैंक तथा वित्तिय संस्थाहरुले ऋणीहरुलाई ठग्नु ठगे। तीन करोडको धितो राखेर एककरोड ऋण दिने। त्यसमा दश लाख त घुसै खाने। एक प्रतिशत सेवाशुल्क भनेर तीन प्रतिशत, १६ प्रतिशत ब्याज भनेर ८० प्रतिशत असुल्ने। चर्को ब्याजका कारण ऋण तिर्न नसकेपछि मानिसहरुले आफ्नो तीन करोडको ऋण ९० लाखमा त गुमाए नै सँगै कालोसूचीमा समेत परे। बैंकको ऋण तिर्न नसकेर कालोसूचीमा पर्नेमा एक लाख २५ हजार बढी छन्। अहिले घरजग्गा, गाडी र सेयरमा मन्दी छ। सुनको मूल्य पनि घटिरहेको छ। त्यसमाथि सुन पनि किन्ने कम, बेच्ने धेरै छन्। यो स्थिति आउनुको प्रमुख कारण हो, हाम्रो प्रणाली। यदि विदेशमा जसरी सरकारले जग्गाको स्वामित्व नागरिकलाई नदिएको भए, १८ बर्ष पुग्नेबित्तिकै काम गर्नुपर्ने, सरकारी कर्मचारीलाई घण्टाको हिसाबले तलब दिने र पेन्सन नदिने, नागरिकको सम्पत्ति खोजतलास गर्नेजस्ता निर्णय गरेको भए आज यो स्थिति आउने थिएन। अर्को कुरा, सरकारले घरजग्गा, गाडी र सेयरलाईमात्रै राजस्वको श्रोत ठान्यो। उद्योग, कारखानामा लगानी गर्नुपर्छ भनेर जनतालाई प्रोत्साहन गरेन। मानिसहरुले आफूसँग भएकोसँगै ऋण लिएर यी क्षेत्रमा लगानी गरे। आज मन्दी आएपछि चुलुम्मै डुबेका छन्। यदि राज्यलेनै यी विलासित वस्तु हुन्भनेर जनतालाई पहिल्यै भनिदिएको भए आज न जनता डुब्थे, न मुलुकको अर्थतन्त्रमा संकट आउँथ्यो। यसैले, राज्यले सही समयमै सही निर्णय वा सिस्टम बसाउन नसक्नुको असर समग्र देशले भोग्नुपर्छ। वर्तमान सुशीला कार्की नेतृत्वको सरकारले अब हरेक नागरिक, सरकारी कर्मचारी, व्यापारीहरुको सम्पत्ति खोज्नुपर्छ। श्रोत नखुलेको वा गैरकानूनी रुपमा कमाएको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ। र, त्यसरी सम्पत्ति जोड्नेलाई कानूनी दायरामा ल्याउनुपर्छ। सरकारले यो काम गरेमा विदेशी ऋण २९ खर्ब ४२ अर्बसँगै निर्माण व्यवसायीको ४५ अर्ब, दुध तथा उखु किसानको सातअर्ब र कोरोना बीमाको २४ अर्ब सजिलै तिर्न सकिन्छ। साथै राजस्व छल्नुहुन्न, भ्रष्टाचार गर्नुहुन्नभन्ने पाठ पनि बस्छ।

# नेपालको कर्मचारी प्रशासनमा देखिएको असन्तुलनको अवस्था

काठमाडौं। नेपालको कर्मचारी प्रशासनमा देखिएको असन्तुलनको अवस्था लगायतका बारेमा बिभिन्न चर्चा परिचर्चाहरु भैरहेका छन्। खासगरी उमेरको हद, पेन्सन र बिभिन्न सुबिधाका बारेमा बहसहरु हुनेगरेका छन्। वर्तमान सरकार सत्तामा आउनुभन्दा पहिलेदेखि नै सरकारी कर्मचारीहरुको अवकाशको उमेर ५८ बाट ६० बर्ष बनाउनु पर्ने कुरा उठेको थियो। जसकाबारेमा हालसम्म कुनै निर्णय हुन सकेको छैन। एउटै सरकार मातहतका कतिपय कार्यालयमा ६५ कतिपयमा ६३ र कतिपयमा ५८ बर्ष उमेर दल रहेकाले पनि बिवाद बढेर गएको देखिएको छ। त्यसैगरी सेवा, सुबिधा र शर्तहरु पनि फरक, फरक देखिने गरेका छन्। यतिबेला देशमा संसद बिघटन भएको अवस्था रहेकाले कानूनमा संशोधन हुनसक्ने कुनै संभावना छैन।

तथापि सुशासन र कर्मचारी प्रशासनलाई चुस्त बनाउने कुराहरु उठिरहेका छन्। कतिपयले कर्मचारीको उमेरहद बढाउँदा सरकारलाई आर्थिक दायित्व घट्ने कुरा पनि उठाएका छन्। गत भदौ २७ गते अगाडिनै प्रतिनिधि सभा र राष्ट्रिय सभालेसमेत पारित गरी राष्ट्रपतिसमक्ष पेशगर्ने अन्तिम तयारी भएको भनिएको निजामती सेवा विधेयक जारी हुनुपूर्व नै प्रतिनिधि सभा विघटनहुँदा हाल स्वतह निष्क्रिय अवस्थामा रहेको छ। विधेयक निष्क्रिय भए पनि अध्यादेशको विकल्प छ। तर हाल देशमा चुनावी सरकार रहेकाले सो सरकारले अध्यादेशको राजनीतिगर्नु त्यति राम्रो देखिँदैन। उक्त विधेयकमा उल्लिखित अधिकांश विषय समय सान्दर्भिक भएकाले विकल्प वा अब आउने संसदसमक्ष सोही विधेयकलाई पेशगर्न सकिने अवस्था कायमै छ। नेपालका निजामती कर्मचारीले अवकाशको समयमा पाउने मासिक तलब र पेन्सन करिब समानजस्तै हुने भएकाले अवकाश उमेर ५८ बर्षबाट ६० बर्ष बनाउँदा सरकारलाई आर्थिक भार कमहुने बताइन्छ। तर हाल देशको शासन सत्तामा हाबि भएको भएको जेनजी पुस्ताले त्यसलाई स्वीकारगर्ने संभावना कम छ। अवकाश उमेर हद ५८ बाट ६० बर्ष बनाउँदा कर्मचारीलाई दिने पेन्सन पनि दुईबर्ष पछाडि धकेलिनेहुँदा सरकारलाई पर्ने थप आर्थिक भार रोकिने कतिपयको तर्क सुनिन्छ। निजामती कर्मचारीको सेवा अवधि ३० बर्षभन्दा बढी हुँदैगएपछि खाइपाई आएको तलब र अवकाशपछि पाउने पेन्सनको दुरी क्रमिकरुपमा कमहुँदै जाने भएकाले कर्मचारीको सेवा अवधि बढाउँदा राज्यलाई आर्थिक दायित्व कम पर्दैजान्छ। सामान्य प्रशासन मन्त्रालयकाअनुसार यसअघि संसदले विधेयकमा उल्लिखित विषयलाई व्यापक छलफल गरेर टुंग्याएको हुनाले नयाँ आउने संसदले सामान्य छलफल गरेरमात्र विधेयकलाई ऐनका रुपमा जारीगर्न सक्ने अवस्था छ। कर्मचारीको ५८ बर्षदेखि ६० दुई बर्षसम्म खाइपाई आएको तलब र पेन्सनको अन्तर धेरै नहुनेहुँदा थोरै रकममा कर्मचारीलाई काम लगाउन सकिने हुन्छ। सोही पदमा आउने नयाँ कर्मचारीलाई प्रदान गरिने तलब, भत्तालगायतका सेवासुविधासमेत जोगिनेहुँदा सरकारलाई आर्थिक दायित्व धेरै कम हुने बताइन्छ। हाल नेपालको निजामती सेवामा ८६ हजार ३१० जना कर्मचारी कार्यरत रहेको सरकारी तथ्यांक छ। पछिल्ला बर्षहरुमा वार्षिकरुपमा करिब चार हजारका दरले निजामती कर्मचारी सेवाबाट अवकाश हुनेगरेको राष्ट्रिय किताबखाना ( निजामती) को तथ्यांक छ। निजामती सेवा ऐन सबै सार्वजनिक निकायको छाता ऐन भएकाले सोही ऐनका आधारमा सार्वजनिक संस्थान, अन्य निकायका कर्मचारीलाई सम्बन्धित संस्थाका आआफ्ना कानूनअनुसार सेवा सुविधा प्रदान गरिन्छ। कर्मचारीको अवकाश उमेर हद ६० बनाउँदा निजामती सेवामा खारिएका र अनुभवी कर्मचारी दुईबर्षसम्म कायम रहने भएकाले सार्वजनिक निकायको नतिजा थप परिणाममुखी बन्ने कतिपयको तर्क छ। अनुभवी र खारिएका कर्मचारीले प्रदानगर्ने सेवा गुणस्तरीय हुने भएकाले अहिले पनि बिभिन्न विभागका महानिर्देशक र कतिपय जिल्लाका प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा रहेका कर्मचारीको नतिजालाई हेर्दा अनुभवी कर्मचारीले दिने सेवाबाट बढी नतिजामुखी हुनेगरेको पाइएको छ। शिक्षकको अवकाश उमेर ६० बर्ष नै कायम छ, न्यायाधीशको ६३ बर्ष छ। अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा पनि कर्मचारीको अवकाश उमेर ६० बर्षनै कायम भएको पाइन्छ। ०४९ सालभन्दा अघि नेपालीको औसत आयु ५४ बर्षहुँदा कर्मचारीको अवकाशको उमेर हद ६० बर्ष थियो। अहिले नेपालीको औसत आयु बढेर ७१.३ बर्षहुँदा पनि कर्मचारीको अवकाश उमेर ५८ बर्षनै कायम रहेको छ। जसलेगर्दा समय सापेक्षरुपमा निजामती कर्मचारीको अवकाश उमेर वृद्धिगर्नु सान्दर्भिक हुने देखिएको छ। बिश्वका बिभिन्न मुलुकले कर्मचारीको अवकाश उमेर हद ६० देखि ६७ बर्षसम्म तोकेका छन्भने कतिपय मुलुकले ६० बर्षभन्दा माथि बनाउने तयारीगर्दै गरेका समाचार बाहिर आएका छन्।

संसद सचिवालयका प्रवक्ता एकराम गिरीले संसद विघटन भएसँगै यस अघिको संघीय निजामती सेवा विधेय प्रक्रियागतरुपमा शून्यमा पुगेको प्रतिक्रिया दिनुभएको छ। गत भदौ २७ गते संसद विघटन हुनुअघि निजामति विधेयक प्रतिनिधिसभाले पारितगरी राष्ट्रिय सभामा पुगेको अवस्था थियो। त्यसपछि राष्ट्रिय सभाले पनि पारितगरी प्रतिनिधि सभामा पठाएको थियो। प्रतिनिधि सभामा पुगिसकेपछि त्यसको विधि निर्माणको प्रक्रियामा राष्ट्रियसभाले संशोधन गरेको थियो। राष्ट्रिय सभाले संशोधन गरेको उक्त विधेयक प्रतिनिधि सभाले कि त स्वीकार गर्नुपर्थ्यो कि त अस्वीकार गर्नुपर्थ्यो। तर सो विधेयक प्रतिनिधि सभाको कार्यसूचीमा प्रवेश गरिनसक्दै संसद बिघटन हुन पुग्यो। जुलेगर्दा संविधानको प्रावधान अनुसारनै उक्त विधेयक निष्क्रिय हुनपुग्यो। विधेयक निष्क्रिय भएको अभिलेखमा जनिनुबाहेक अर्को खास विशेष अस्तित्व पनि नहुने गिरीले बताउनु भएको छ। उहाँकाअनुसार

**बाँकी ७ पेजमा**

## समाचार विविध

# किसान संगठनद्वारा राहतको माग

काठमाडौं। बिभिन्न चारवटा किसान संगठनहरुले एक संयुक्त बक्तब्य प्रकाशितगरी अविरल वर्षाका कारण क्षति ब्यहोरिरहेका किसानलाई राहत प्रदानगर्न सरकारसँग माग गरेका छन्। अखिल नेपाल किसान महासंघ (अप्फा) का अध्यक्ष भैरवराज रेग्मी, क्रान्तिकारी किसान महासंघ नेपालका अध्यक्ष सीताराम तामाङ, अखिल नेपाल प्रगतिशील किसान महासंघका इन्चार्ज भुवन फुँयाल र अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष दुर्गाप्रसाद जैशीद्वारा जारी संयुक्त बक्तब्यमा उक्त माग गरिएको छ। जसमा देशमा आएको पछिल्लो अविरल वर्षाले उत्पन्न भएको बाढीपहिरो र डुबानका कारण धानबालीलगायत तरकारीसमेत अन्य बालीनाली तथा पशुपन्छीपालनमा समेत ठूलो नोक्सान भएको छ। यसप्रति हामी देशमा क्रियाशील तथा जिम्मेवार चार किसान संगठन अखिल नेपाल किसान महासंघ (अप्फा), क्रान्तिकारी किसान महासंघ नेपाल, अखिल नेपाल प्रगतिशील किसान महासंघ र अखिल नेपाल प्रगतिशील किसान संघले संयुक्तरुपमा चिन्ता र दुःख व्यक्त गर्दछौं। यसरी बालीनालीमा ठूलो नोक्सानी ब्यहोरिरहेका सबै किसानलाई तत्काल यथेष्ट राहत प्रदानगर्न नोक्सानीको पूर्ण विवरण आएपछि थप उचित सहयोग किसानलाई आश्वस्तपार्न राज्यसँग जोडदार माग गर्दछौं। आरम्भिक तथ्यांकअनुसार गएको असोज र चालु कात्तिक महिनामा आएको अविरल र असामयिक वर्षाका कारण उत्पन्न बाढीपहिरो र डुबानमा परेर किसानको कम्तीमा पनि पाँचअर्ब बराबरको नोक्सानी हुनपुगेको भनिएको छ। बक्तब्यको अन्त्यमा बाढीपहिरो र डुबानमा परेर किसानको धानबाली, तरकारी र अन्य कृषिबालीमामात्र तीनअर्बको नोक्सानी पुगेको बताइएको छभने कृषि पूर्वाधार तथा पशुपन्छी र माछापालनमा सम्पूर्ण नोक्सानीको प्रारम्भिक आँकलन पाँच अर्बजतिको भएको उल्लेख छ। त्यसमा पनि सबैभन्दा बढी नोक्सानी मधेस प्रदेशमा पुगेको बताइएको छ। यो नोक्सानीको भरपाइ हुनेगरी किसानलाई सरकारले तत्काल राहत प्रदान गरोस् तथा प्राकृतिक प्रकोपको यो नोक्सानीबाट हुनसक्ने खाद्यान्न, तरकारी, माछामासु, दुग्ध पदार्थको अभाव हुननदिन र मूल्यवृद्धि पनि हुन नदिन सरकारले ठोस राहत र समस्या समाधानको व्यावहारिक र मूर्त उपाय अगाडि सारोस्भन्अदस्ने पनि हामी जोडदार माग गर्दछौंसाथै लामो समयदेखि झुलाएर राखिएको ऊखु किसान र दुग्ध किसानले पाउनुपर्ने बक्यौता भुक्तानी रकम तत्काल एकमुष्ठ भुक्तानी दिन पनि हामी जोडदार माग गर्दछौं भनिएको छ।

# प्रतिनिधि छान्ने अनौठा आधार

काठमाडौं। एमालेले आगामी महाधिवेशनका लागि प्रतिनिधि छान्ने अनौठा आधार अगाडि सारेको छ। आगामी मंसिर २७ देखि २९ सम्म हुने भनिएको सो पार्टीको ११ औं महाधिवेशनमा सहभागी हुने प्रतिनिधि सातवटा आधारमा छनोटगर्ने भनिएको छ। एमालेका अध्यक्ष केपी ओलीले हालै जारी गर्नुभएको अन्तरपार्टी निर्देशन (अपानि) मा प्रतिनिधि छनोटका सात आधारहरु मातहतका कमिटीहरुमा पठाउनुभएको छ। गतसाता सम्पन्न एमालेको केन्द्रीय सचिवालयको बैठकले आगामी मंसिर १३ गते देशैभरि एकैपटक प्रतिनिधि छनौट गर्नेगरी कार्यतालिका सार्वजनिक गरेको थियो। अध्यक्ष ओलीद्वारा जारी गरिएको पछिल्लो अपानिमा महाधिवेशन प्रतिनिधि हुन केन्द्रीय संगठन विभागले प्रमाणित गरेको पार्टी सदस्यताको विवरण अनिवार्य गरिएको छ। त्यसैगरी पार्टी केन्द्रीय कार्यालयमा रहेको पार्टी सदस्यता भूगोलमा लैजान चाहनेहरुले कात्तिक मसान्तसम्ममा सदस्यता स्थानान्तरण गरिसक्नुपर्ने पनि अपानिमा उल्लेख छ। पदेन प्रतिनिधि रहेका आयोजकहरुले महाधिवेशन प्रतिनिधि छनौट प्रक्रियामा सहभागी हुन नपाउने भनिएको छ। बाँकी सबैपार्टी सदस्यहरुले तोकिएको एउटामात्र क्लस्टरमा सहभागी भएर प्रतिनिधि छनोटगर्न पाउने एमालेको अपानिमा उल्लेख छ। त्यसैगरी जनसंगठनमा रहन चाहने पार्टी सदस्यलाई आफ्नो नाम भूगोल वा विशेष कमिटीबाट अलग गर्नुपर्ने प्रावधान राखिएको छ। प्रतिनिधि छनौटगर्दा कुनै बिवाद वा अस्पष्टता भएमा केन्द्रीय संगठन विभागमा सम्पर्कगर्न भनिएको छ तर बिवादका नाममा आवश्यक भन्दा बढी प्रतिनिधि पठाए विभागले त्यसलाई मान्यता नदिने अपानिमा जनाइएको छ। महाधिवेशनमा केन्द्रीय सदस्य,केन्द्रीय निकाय,भूगोल र बिभिन्न क्लष्टर र मनोनीत सहित दुईहजार १२७ जना प्रतिनिधि सहभागी हुने एमालेले जनाएको छ।

# सरकारप्रति नेपाल बार असन्तुष्ठ

काठमाडौं। बर्तमान सरकारप्रति नेपाल बार असन्तुष्ठ देखिएको छ। सर्वोच्च अदालतले जारीगरेको अन्तरिम आदेशविरुद्ध परराष्ट्र मन्त्रालयले बिभिन्न देशमा कार्यरत राजदूतहरुलाई फिर्ता बोलाएपछि नेपाल बार एशोसिएसनले अदालतको आस्थामा आँच आउने काम नगर्न अनुरोध पनि गरेको छ। नेपाल बारका महासचिव वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइरालाले एक विज्ञप्ति जारीगरी अदालतको आदेश वा फैसलाको अक्षरश पालनागर्न अनुरोध गर्नुभएको छ। बिज्ञप्तिमा अदालतको फैसला वा आदेशको परोक्षरुपले पालना नगर्ने कार्यले स्वेच्छाचारिताको प्रवर्द्धन गर्दछ। अदालतको आदेश वा फैसला अक्षरश पालनाका लागि अनुरोधगर्दै अदालतप्रतिको आस्थामा आँच आउने कुनै पनि कार्य नगर्न सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछौं भनिएको छ। बर्तमान सरकारले बिभिन्न ११ वटा देशमा रहेका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेपछि सर्वोच्च अदालतमा रिट परेको थियो। उक्त रिटमाथि सुनुवाइगर्दै न्यायाधीशहरु शारंगा सुवेदी र श्रीकान्त पौडेलले गतसाता आइतबार राजदूत फिर्तागर्ने निर्णयलाई कार्यान्वयन नगराउन अन्तरिम आदेश जारी गर्नुभएको थियो। आदेशमा अन्तिम आदेश ठहरे बमोजिम हुने नै हुँदा हाललाई उक्त मन्त्रिपरिषदबाट गत असोज ३० मा भएको राजदूत फिर्ता गर्नेसम्बन्धी निर्णय कार्यान्वयन नगर्नू, नगराउनू, गर्ननलगाउनु, यथास्थितिमा राख्नू, राख्न लगाउनु भनी विपक्षीहरुका नामा अन्तरिम आदेश जारी भएको थियो। उक्त आदेश जारी भएपनि परराष्ट्र मन्त्रालयले गतसाता सोमबार उक्त ११ देशका राजदूतहरुलाई निर्णयबारे जानकारी गराउँदै अर्को व्यवस्था नभएसम्मलाई फर्किन अनुरोधगर्दै पुनः पत्राचार गरेको थियो। यो समाचार तयारगर्दा सम्मराजदुतहरु स्वदेश फर्किएको/नफर्किएको खुलेको छैन। तर हरेक सरकार परिवर्तन हुनासाथ सबैभन्दा पहिलेराजदूतहरुको परिवर्तन गरेर आआफ्ना मान्छे पठाउने प्रचलनरहँदै आएको छ। पछिल्लो सरकारले पनि सुशासनको नारा दिए पनि यसअघिका सरकारको परंपरालाई कायमैराखेको छ।

## नेपालको..

अब सरकारले त्यही विधेयक ल्याउने होभने नयाँ प्रतिनिधिसभा गठन भएपश्चात पुनः विधेयक दर्ता गर्नुपर्ने हुन्छ। होइनभने फेरी तलैबाट प्रक्रिया पुगेर आउनु पर्दछ। निजामति प्रशासनलाई सरकारको मेरुदण्डनै मनिन्छ। त्यसैले निजामति प्रशासनलाई चुस्त र दुरुस्त बनाउने दायित्व सरकारको हो। तर नेपालमा पछिल्लो समयमा राजनीतिनै खलबलिएका कारण कर्मचारी प्रशासनमा पनि सुधार हुन सकिरहेको छैन। जसलाई सबै क्षेत्र र पक्षमा छलफलको विषय बनाइनु पर्दछ।

## बिभिन्न...

लागि पनि नेपालमा भैरहेका विदेशी गतिविधिका विरुद्व बाम पार्टीहरुले एकीकृत संयुक्त आन्दोलन थाल्नु जरुरी भएको छ। ०७२ को संविधानका अधिकांश प्रावधानहरु अमेरिकालगायतका पश्चिमा शक्तिबाट प्रायोजित रहेको स्पष्ट हुँदैगएको छ। कतिपयले ०६३ का उपलब्धी भन्ने गरेका कुराहरु हालको अवस्थामा नेपालीका मुख्य समस्या भएका छन्। झण्डै सँढि सातवर्षको समय र ३० अर्ब रुपैया खर्च गरेर बनाइएको संविधान शुरुमै त्रुटीपूर्ण रहेको भनिन्थ्यो। हाल आएर फेरी केही साम्राज्यवादी र बिस्तारवादीका एजेण्डाहरु थपरे संशोधनगर्ने प्रयास भैरहेको छ। उक्त संविधान र त्यसअनुसार नेपालमा लागूगराइएको राजनीतिक व्यवस्था देशका सबै समस्याको मूल जड बन्दैगएको छ। त्यसैले ०७२ को संविधान खारेज गरेर जनपक्षीय संविधान र राजनीतिक व्यवस्थाको स्थापनाका लागि बृहत् बाम एकताको आवश्यकता छ। उपरोक्त कुराका अतिरिक्त कम्युनिष्ट पार्टीमा मित्रशक्ति र शत्रुशक्ति छुट्याउने र वर्ग संघर्षमा आधारित राजनीतिगर्ने लगायतका कुराहरु पनि रहेका छन्। पछिल्लो समयमा नेपालका कतिपय कम्युनिष्ट घटकहरुले संयुक्त राष्ट्रसंघका नीति तथा कार्यक्रमको कार्यान्वयनगर्ने प्रयास गरिरहेको देखिएको छ। संयुक्त राष्ट्रसंघ भनेको कम्युनिष्ट इन्टरनेशनल होइन। जसको ख्याल हुन आवश्यक छ। नेपाललाई अमेरिकी सैन्य संगठन नेटोको समर्थक बनाउने प्रयासहरु पनि तीव्रपारिएका छन्। नेपालको प्रचलित असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिलाई समाप्त पार्दैलगिएको छ। यस्तो अवस्थामा ०४६ अघि नेपालका कम्युनिष्टहरुले अवलम्बन गरेका नीति र संगठनात्मक प्रणालीको संम्झना गर्नुपर्ने अवस्था छ। पछिल्लो समयमा राम्रा कुरा अगाडि सारेर नराम्रा कामगर्ने जुन प्रवृत्ति बढिरहेको छ, त्यसका विरुद्व मुख्यत सही कम्युनिष्ट पार्टीहरु अग्रसर हुनुपर्दछ। जे भनिन्छ त्यो नगर्ने, जे गरिन्छ त्यो नभन्ने अवसरवादीहरुको भण्डाफोर आजको आवश्यकता हो। तत्कालीन माओवादी केन्द्र र एकीकृत समाजवादी लगायतका समूहहरुले गतसाता गरेको पार्टी एकताको संश्लेषण गरेर अन्य कम्युनिष्ट पार्टीहरुले नयाँ ढंगले एकतागर्दै अगाडि बढ्नु आजको प्रमुख आवश्यकता भएको छ।

## नेपालमा..

सक्रिय पेशागत व्यक्ति वा प्रतिनिधि, विचौलिया, एजेन्ट, दलालहरुले गर्नेगरेका गैरकानूनी कार्य एवं व्यवहारका सम्बन्धमा पर्याप्त जानकारी भएका स्थानीयवासीबाट तथ्यसहितको जानकारी सम्बन्धित निकायलाई दिने संस्कारको विकास हुनसकेको छैन। समाजमा रहेका तथ्यपूर्ण भ्रष्टाचारका सूचना सम्बन्धित निकायमा पठाउने कार्यका लागि नागरिक समाजलाई जिम्मेवार र सक्रिय गराउनु आवश्यक छ। गत भदौ २३ गते केही उमेर समूहका व्यक्तिहरुले देशमा व्याप्त भ्रष्टाचारको छानविन हुनुपर्छभन्ने मागगर्दै आन्दोलन थालेका थिए। जुन आन्दोलन तत्कालै ध्वंशमा परिणत भएर सरकारनै परिवर्तन भयो। हाल त्यतिबेलाका आन्दोलनकारीहरु पनि सत्ता राजनीतिमा रुमलिन थालेका छन्। हालै केही दलहरुले काठमाडौंमा बिभिन्न कार्यक्रमहरुको आयोजना गरे। तर त्यसमा पनि देशको आर्थिक विकास र बढ्दो भ्रष्टाचारको निवारणका बारेमा खासै प्रशंग उठेको देखिएन। जसलेगर्दा वर्तमान प्रधानमन्त्रिले पनि आगामी फागुनभित्र देशमा भ्रष्टाचारको निवारण गर्न/गराउन र देशमा सुशासन कायम गराउन सक्ने देखिएको छैन।

## अमेरिकाको..

लागि वार्षिक १० लाख डलरभन्दा धेरै आय भएका व्यक्ति तथा कर्पोरेट संस्थामाथि कर बढाउने मम्दानीको योजना छ। घरभाडा वृद्धिरोक्ने उहाँको योजनाले चर्को भाडाको मार खेपिरहेका १० लाख जनता तत्काल लाभान्वित हुने देखिन्छ। त्यसैगरी उहाँले दुईलाख स्थायी सर्वसुलभ अपार्टमेन्ट आगामी दशकभित्र बनाउने वाचा गर्नुभएको छ। सार्वजनिक हाउजिङको संरक्षणमा सरकारलेगर्ने लगानी पनि दोब्बर बनाउने उनको वाचा छ। चुनावी अभियानमा मम्दानीले हामीलाई धेरै सर्वसुलभ घर जरुरी छ। बनेका प्रायः घर कामदार वर्गको पहुँचबाट टाढा छन्, जसको सबैभन्दा धेरै आवश्यकता उनीहरुलाई छ भन्नुभएको थियो। न्युयोर्कमा सर्वसुलभ घर विकासका लागि संघीय सरकारले ठूलो अनुदान दिनुपर्ने भएकाले मम्दानीलाई आगामी दिन चुनौतीपूर्ण हुने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले टिप्पणी गरेका छन्। निर्वाचन जितेलगत्तै राष्ट्रपति ट्रम्पलाई खुला चुनौतीदिँदै उहाँले राजनीतिक विभाजनलाई न्युयोर्कले अस्वीकार गरेको बताउनुभएको थियो। उहाँले चाहे आप्रवासी होस्, ट्रान्स समुदाय वा ट्रम्पले संघीय सरकारको जागिरबाट निकालेका अश्वेत महिला, हरेक एकल महिला ग्रोसरीको भाउ घट्ने प्रतीक्षा गरिरहेका छन्। न्युयोर्क त्यस्तो शहर रहने छैन, जहाँ इस्लामफोबिया फैलाएर चुनाव जित्न सकियोस् भन्नुभएको थियो। उहाँले तानाशाहलाई तर्साउने उपायनै उसलाई शक्ति सिञ्चितगर्न दिने हरेक अवस्थालाई कमजोर बनाउनु हो। यो ट्रम्पमात्र होइन, अर्को तानाशाहलाई रोक्ने कुरा पनि हो। डोनाल्ड मलाई थाहा छ तपाईंले यो भाषण हेर्दै हुनुहुन्छ, मसँग चार शब्दमात्रै छन्, टर्न द भोलुम अप भन्नुभएको थियो। न्युयोर्कको निर्माणनै आप्रवासीले गरेको स्मरण गराउँदै उहाँले यो शहरले आप्रवासीको नेतृत्व पनि पाएको बताउनु भएको थियो। मम्दानीको चुनावी अभियानले अमेरिकामा समाजवादको सैद्धान्तिक बहस र पुस्तान्तरणको विषयलाई बढावा दिएको छ। डेमोक्रेटिक पार्टीका सिनेटर बर्नी स्यान्डर्सले मम्दानीको उम्मेदवारीलाई समर्थनगर्दै उहाँलाई धनाढ्यको स्वार्थविरुद्ध कामदारका पक्षमा खडा हुने सशक्त नेताकारुपमा चित्रण गर्नुभएको थियो। त्यसैगरी अमेरिकाका तल्लो सदनमा सांसद रहेकी अलेक्ज्याद्रिया ओकासियो कोर्टेजले पनि उहाँको समर्थन गनुभएको थियो। विपक्षीहरु र विशेषगरी पुरातनवादी रिपब्लिकनहरुले उहाँलाई उग्र कम्युनिष्टकारुपमा प्रचार गरेका थिए। जुन २५ मा आफ्नै स्वामित्वको सामाजिक सञ्जाल ट्रुथमा राष्ट्रपति ट्रम्पले मम्दानी शतप्रतिशत कम्युनिष्ट पागल भएको उल्लेख गनुभएको थियो। अमेरिकामा प्रजातान्त्रिक समाजवादको वकालत गर्नेहरुलाई रिपब्लिकन पार्टीका नेताहरुले कम्युनिष्ट करारगर्नु नौलो मानिदैन। यसअघि बर्नीबारे पनि यस्तै प्रचार गरिएको थियो। अमेरिकाको बोष्टनस्थित टफ्ट्स विश्वविद्यालयमा तुलनात्मक राजनीति विषयकी एशोसिएट प्रोफेसर ओक्साना सेभेलले अलजजिरासँग भन्नुभएको थियो- फ्रान्सदेखि क्यानडासम्म धेरै पश्चिमा प्रजातन्त्रमा निःशुल्क वा उच्च अनुदानसहितका बाल हेरचाह र सार्वजनिक यातायातका नीतिहरु बनेका छन्। कम्युनिष्ट एजेन्डामा सरकारले सम्पूर्ण उत्पादन र मूल्यमा नियन्त्रण राख्छ, केवल भाडा वा सुपरमार्केट सञ्चालनमात्रै होइन। कम्युनिष्ट समाजमा कम्युनिष्ट पार्टीबाहेक अर्को कुनै पार्टी पनि हुँदैन। मम्दानीले यस्तो वकालत गरेका होइनन्। तसर्थ उनी कम्युनिष्ट होइनन्। इमोरी विश्वबिद्यालयमा अमेरिकन कम्युनिज्मको इतिहासका विज्ञ हार्भी क्लिहरले प्रजातान्त्रिक समाजवाद कम्युनिज्मको विकल्पका रुपमा आइरहेको बताउनु भएको थियो। उहाँले सैद्धान्तिकरुपमै भए पनि समाजवादीहरुले सर्वहारा मात्रैको नेतृत्वमा क्रान्ति गर्ने र सहभागिता मूलक प्रजातन्त्रको विरोधगर्ने कम्युनिष्ट विचारलाई अस्वीकार गर्छन्। त्यस्तै उत्पादनका साधनमाथि राज्यको स्वामित्व हुनुपर्ने विचारलाई पनि खारेज गर्छन्। केही मुद्धामा उनीहरु सहमत पनि छन्, जसमा पुँजीवादप्रतिको घृणा पर्छ भन्नुभएको थियो। न्युयोर्कको मेयर निर्वाचित हुने मम्दानी पहिलो मुस्लिम भएको बताइएको छ। भारतीय मूलका युगान्डेली नागरिक मुस्लिम बाबु र हिन्दु आमाका सन्तान मम्दानी युगान्डाको कम्पालामा १८ अक्टोबर १९९१ मा जन्मिनुभएको थियो। उहाँका पिता मोहम्मद मम्दानी कोलम्बिया विश्वविद्यालयमा मानवशास्त्र, राजनीतिक शास्त्र र अफ्रिकन स्टडिजका प्रोफेसर हुनुहुन्छ। मम्दानीले आफ्नो विजयी भाषणमा पूर्वभारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुको प्रसिद्ध भनाइ 'इतिहासमा दुर्लभरुपमा एउटा क्षण आउँछ, जब हामी पुरानोबाट नयाँमा जान्छौं, जब एउटा युग अन्त्य हुन्छ र लामो समयदेखि प्रताडित राष्ट्रको आत्माले बोल्न थाल्छ भन्ने उद्धृत गर्नुभएको थियो। उहाँले राजनीतिक अन्धकारबीच न्युयोर्क शहर प्रकाश बनेर आएको बताउँदै अब कसैले न्युयोर्कमा इस्लामफोबिया फैलाएर जित्न सक्दैन भन्नु भएको थियो। मम्दानीकी आमा मीरा नायर चर्चित फिल्मकर्मी हुनुहुन्छ। उहाँले सलाम बम्बै, मिसिसिपी मसाला, नेमसेकजस्ता चर्चित फिल्म निर्देशन गरिसक्नुभएको छ। सात वर्षको उमेरमा परिवारसँगै मम्दानी अमेरिका पुग्नुभएको थियो। उहाँले ब्रोन्क्स हाई स्कुल अफ साइन्समा उच्चशिक्षा तथा अफ्रिकाना स्टडिजमा मेनस्थित बोडोइन कलेजबाट स्नातक गर्नुभएको थियो। ब्रोन्क्समा छँदा उहाँ विद्यार्थी चुनावमा उपाध्यक्षको उम्मेदवार हुनुभएको थियो। विद्यार्थीकालदेखि नै उहाँले समान अधिकार र युद्ध विरोधी नीतिको वकालत गर्नेगर्नुभएको थियो। मम्दानीले सन् २०१८ मा अमेरिकाको नागरिकता पाउनुभएको थियो। राजनीतिबाहेक क्रिकेट र हिप-हप संगीत उहाँका रुचिका विषयहरु हुन्/। उहाँ मोनिकर योङ कार्डामम नामले र्‍याप क्षेत्रमा चिनिनुहुन्छ। सोही नामबाट उहाँले र्‍यापर एचबीएसँग मिलेर युगान्डाको जिन्जा शहरमा सन् २०१६ मा गाउँ फर्कने छैन बोलको गीत प्रस्तुत गर्नुभएको थियो। न्यूयोर्क शहरको मेयरमा जोहरान मम्दानी निर्वाचित भएलगत्तै यहुदी स्कूलको भित्तामा जर्मन तानाशाह हिटलरको चिन्ह स्वस्तिक बनाइएपछि विवाद भएको छ। न्यूयोर्क पोष्टले उल्लेख गरेअनुसार म्याडाउनल्ड एभिन्युस्थित स्यागन डेभिड येशिवाको भ्याल र भित्ताहरुमा रातो रंगले स्वस्तिक चिन्ह बनाएको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। हिटलरले दोश्रो विश्वयुद्धकाक्रममा करिब ६० लाख यहुदीहरुको नरसंहार गरेका थिए। ममदानी निर्वाचित भएलगत्तै यहुदीविरोधी तत्वहरुले उक्त चिन्ह स्कूलमा बनाएपछि स्थानीय आक्रोशित बनेका छन्। अन्तर्राष्ट्रिय समाचार संस्था बीबीसीका अनुसार ममदानीले यस घटनामा कडा प्रतिक्रिया दिनुभएको छ। सामाजिक सञ्जाल एक्समा उहाँले यो निकै घृणित र मन दुखाउने यहुदी विरोधी कार्य हो। र हामी हाम्रो सुन्दर शहरमा यस्ता कुनै प्रकारका क्रियाकलापलाई स्थान दिनेछैनौं भन्ने उल्लेख गर्नुभएको छ। उहाँले मेयरकारुपमा आफू सधैं यहुदी समुदायको पक्षमा सशक्त रुपमा उभिने र शहरमा यस्ता प्रकारका घृणालाई पूरै तरिकाले अन्त्य गर्ने बताउनु भएको छ। अमेरिकामा न्युयोर्क शहरको मेयर निर्वाचित भएपछि सिटी हलको स्टेजमा जोहारन मम्दानीले धुम मचाले गीत बजाउनुभएको थियो। उहाँले आमा, बुवा र श्रीमतीलाई स्टेजमा निम्याउनेक्रममा पृष्ठभूमिमा धुम मचाले गीत घन्किएको थियो। भनिन्छ सो प्रस्तुतिले उनको विजय उत्सवलाई पुनः युवा पुस्तामैत्री बनाएको थियो। अलजजिराका अनुसार, न्युयोर्कबासीहरु ८०० भन्दा बढी भाषा बोल्छन्। त्यहाँका करिब २५ लाख मानिसहरुलाई अंग्रेजी बोल्न आउँदैन। मम्दानीले हिन्दी, उर्दु, स्पेनीलगायत विभिन्न भाषामा मतदाताहरुलाई आकर्षितगर्न सकेको मानिन्छ। उहाँको डिजिटल चुनावी अभियानले राजनीतिक सहभागिता लाई लोकतान्त्रिक बनाउन डिजिटल प्लाटफर्महरु कसरी प्रयोगगर्न सकिन्छभन्ने पनि देखाएको छ।

## बिद्युत..

भनाई छ। विशेषगरी कोशी प्रदेश र लुम्बिनी प्रदेशका मुख्यमन्त्रीले डेडिकेटेड र ट्रंकलाइनको बिवाद समाधानगरी उद्योग सञ्चालन हुने वातावरण बनाउन आग्रह गर्नुभएको थियो। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले यति धेरै ठूला उद्योगहरुमा बिद्युत नभएकाले उत्पादन बन्द भएका छन्। श्रमिक तलबविहीन भएका छन्। संवाद गरेर अघि बढ्ने हो कि लाइन काटेर झन् समस्या ल्याउने ? भन्ने कडा प्रश्न गर्नुभएको थियो। त्यसको जवाफमा प्रधानमन्त्री सुशीला कार्कीले तत्काल छलफल अघिबढाउने बताउनुभएको थियो। उहाँले यथार्थताको आधारमा समस्या समाधानगर्ने समेत बताउनु भएको थियो। उहाँले कसैमाथि पनि सरकारले अन्याय नगर्ने दाबि पनि गर्नुभएको थियो। यसबीच कतिपय उद्योगीहरुले नियमन बिवाद समाधानका लागि बिद्युत नियमन आयोगमा पनि निवेदन दिएका छन्। उक्त निवेदनमाथि छिटो छलफल गरिने नियमन आयोगका पदाधिकारीहरुले बताएका छन्। कुलमान घिसिङ ऊर्जामन्त्री बनेपछि बल्किएको प्रिमियम बिद्युत महसुल बिवादका कारण २५ वटा उद्योगमा बत्ती काटिएको छ। डेडिकेटेड तथा ट्रंकलाइनको बक्यौता महसुल नतिरेकोभन्दै बिद्युत प्राधिकरणले गत चारगते छवटा ठूला उद्योगको बत्ती काटेको थियो। त्यसैगरी नौगते थप उद्योगमा लाइन काटेपछि उत्पादन ठप्प भएको थियो। डेडिकेटेड तथा ट्रंकलाइनको बिवादको शुरुवात ०७५ सालबाटै भएको हो। त्यो बेला उद्योगहरुले ०७२ देखि ०७५ सालसम्म डेडिकेटेड तथा ट्रंकलाइनबाट बत्ती चलाएको पैसा तिर्न बाँकी रहेकोभन्दै प्राधिकरणले लाइन काट्ने चेतावनी दिएको थियो। ०८० सालमा प्राधिकरणले उद्योगहरुको बिजुली लाइन काटिदिएको थियो। सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा न्यायिक समिति गठन भएपछि उद्योगहरुको लाइन जोडिएको थियो। समितिले बिवाद सल्टाउन केही सुझावसहित ०८१ सालको बैशाखमा प्रतिवेदन बुझाएको थियो। सरकारले ती सुझाव कार्यान्वयनगर्ने निर्णय गरेपछि बिवाद केही समय रोकिएको थियो। तर त्यसै बर्ष असारमा प्राधिकरणले उद्योगहरुको लाइन फेरि काटेपछि बिवाद बल्किएको थियो। उद्योगीहरुले तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई गुहारेपछि लाइन जोडिएको थियो। केही उद्योगीहरु सो मुद्धालाई लिएर अदालत पनि गएका थिए। केही उद्योगीले महसुल पनि तिरेका थिए। कुलमान घिसिङ बिद्युत प्राधिकरणबाट हटेपछि सो बिवाद साम्य भएको थियो। जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारमा घिसिङ ऊर्जामन्त्री भएपछि पदभार ग्रहणकै दिन उहाँले डेडिकेटेड तथा ट्रंकलाइनको बक्यौता

# १६४ रोपनी जग्गा अझै पनि बिवादमै

काठमाडौं। नुवाकोटको विदुरस्थित शेरा दरबारको हडपिएको १६४ रोपनी जग्गा अझै पनि फिर्ता हुननसकेको जानकारहरुले बताएका छन्। आजभन्दा तीनवर्ष अघिनै दरबार क्षेत्रले चर्चेको १८४ रोपनी जग्गामध्ये १६४ रोपनी १३ आना सरकारका नाममा ल्याउनुपर्ने कुरा उठेको थियो। जग्गा हडप्ने व्यक्ति र स्थानीय केही पार्टीका कार्यकर्ताहरुको निरन्तरको धम्कीका कारण सरकारी अधिकारीहरु कामै नगरी त्यहाँबाट भाग्नेगरेको जानकारहरुको भनाई छ। मालपोत कार्यालय नुवाकोटको प्रमुख भएर जाने हाकिमहरु त्यही जग्गा प्रकरणका कारण सुरक्षा खतरा महसुसगर्दै छोटो समयमै अन्यत्र सरुवा हुनेगरेको बताइन्छ। उक्त बिवाद शुरुभए यतामात्रै मालपोत कार्यालय नुवाकोटमा तीनजना मालपोत अधिकृत परिवर्तन भइसकेको तथ्यांक रहेको छ। सरकारले यसअघि नै नुवाकोटको शेरा दरबारले चर्चेको १८४ रोपनीमध्ये १६४ रोपनी जग्गा व्यक्ति विशेषले कम्पनीका नाममा हडपेकोभन्दै सो जग्गा सरकारको नाममा फिर्ता ल्याउने निर्णय गरेको थियो। करिव एक बर्षअघि सो निर्णय भए पनि मालपोत कार्यालय प्रमुख भएर जाने अधिकारीहरुलाई हडप्ने समूह तथा स्थानीय केही नेताहरुले धम्क्याउने गरेपछि कार्यालय प्रमुखहरुले सो जग्गा फिर्ता प्रक्रियालाई अघिबढाउन नसकेको बताइन्छ। जग्गा फिर्ता प्रक्रिया अघिबढाउनासाथ बिभिन्न पक्षबाट आउने गरेको धम्की र दबाब खेप्न नसकेर कार्यालय प्रमुखहरुले बिभिन्न बहाना बनाएर अन्यत्र सरुवा मार्दै हिँड्नथालेको समाचारसूत्रहरुले उल्लेख गरेका छन्। बिगतको लामो प्रयासपछि शेरा दरबारको सो जग्गा हत्याएर अन्नपूर्ण फार्मिङ नामक कम्पनीको नाममा ल्याइएको थियो। जिल्ला मालपोत कार्यालयका कर्मचारीहरुका अनुसार मालपोत कार्यालय प्रमुख भएर आउने सबैलाई जग्गा फिर्तागर्ने प्रक्रिया अघिबढाएमा ज्यान मार्नेसम्मका धम्की आउने गरेको छ। बिभागकाअनुसार शेरा दरबारको हडपिएको जग्गा फिर्तागर्ने प्रक्रिया ०८१ को फागुनदेखि नै थालिए पनि हालसम्म पूरा भएको छैन। हाल नुवाकोटको मालपोत प्रमुख भएर कोही पनि जान नमान्ने अवस्था सिर्जना भएको छ। करिव एक बर्षअघि भूमि व्यवस्था मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख बिभागले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को अनुसन्धान प्रतिवेदनले दिएको निष्कर्ष, भूमि व्यवस्था मन्त्रालयले गरेको अनुसन्धानको निष्कर्ष र मन्त्रालयका निर्णयहरुसहितको पत्र नुवाकोट मालपोत कार्यालयमा पठाएर सो जग्गा छिटोभन्दा छिटो सरकारको नाममा ल्याउन निर्देशन दिएको थियो। तर मन्त्रालय र बिभागले दिएको सो निर्देशनसमेत हालसम्म कार्यान्वयन हुन सकेको छैन। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले समेत अनुसन्धानगर्दा शेरा दरबारको सो जग्गा व्यक्ति विशेषको नेतृत्वमा हडपिएको पाइएकाले त्यसलाई सरकारको नाममा ल्याउनुपर्ने निष्कर्ष निकालेको थियो। शुरुमा ०३५ फागुन १२ गते शेरा दरबार र त्यसले चर्चेको कि.नं. ८२, ८३, ८४, ८५, ८८, ८९, ९०, ९२, ९३, ९४, ९५, ९७ र ९८ जम्मा १३ कित्ताको १६४-१३ -०२-०१ क्षेत्रफल जग्गा गौरीशंकर फार्मिङका नाममा नापीभएको नापी कार्यालय नुवाकोटको अभिलेखबाट देखिएको थियो। सरकारका नाममा रहेको जग्गा गौरीशंकर वा अन्नपूर्ण फार्मिङका नाममा पुग्नुनै अनियमितता भएको भन्दै सो जग्गा सरकारको नाममा फिर्ता ल्याउनुपर्ने निष्कर्ष निकालिएको थियो। सीआईबीको प्रतिवेदनअनुसार गौरीशंकर फार्मिङ नामको संस्था ०२७ सालको फागुन २८ मा स्थापित भएकोमा सो संस्थाको ०३६ असार एकको निर्णयले अन्नपूर्ण फार्मिङमा परिणत भएको देखिएको छ। ०४४ सालको असार ११ गतेको तोक आदेशले मालपोत कार्यालयको श्रेस्तामा गौरीशंकरलाई काटेर अन्नपूर्ण फार्मिङ उल्लेख गरिएको पाइएको छ। ०५२ मा हेलेन शाह र जयन्ती शाहका नाममा रहेका सम्पूर्ण सेयर नरेन्द्रलाल प्रधान, केदारनाथ श्रेष्ठ, सजनी श्रेष्ठ र सोहिनी श्रेष्ठ चारजनाका नाममा हस्तान्तरण भएको थियो। त्यसपछि ०७३ असार तीनगते सेयर दाखिला खारेजको निर्णयले बिकेश श्रेष्ठ सेयर कित्ता संख्या पाँच लाख ६७ हजार पाँच सयको मूल्य पाँच करोड ६७ लाख ५० हजार रुपियाँमा किनबेच भएको थियोभने अजयकुमार सूर्यवंशीका नाममा अर्को सेयर रहेको र सो सेयर कित्ता संख्या चारलाख ६० हजार ४१० को मूल्य चार करोड ६० लाख ४१ हजारमा किनबेच भएको देखिएको छ। त्यसैगरी नुवाकोटको विदुर नगरपालिका-४ बस्ने ध्रुवलाल श्रेष्ठको सेयर कित्ता संख्या ४५ हजारको मूल्य ४५ लाख रुपियाँमा किनबेच भएको देखिएको छ। त्यसैगरी काठमाडौंको नागार्जुन नगरपालिका-७ बस्ने सुमन पारिकको कित्ता संख्या ४५ हजारको मूल्य ४५ लाखसमेतगरी चार जनाका नाममा ११ करोड १७ लाख ९१ हजार रुपियाँमा सेयर खरिद बिक्रीभई जग्गा कम्पनीको नाममा लगेको अनुसन्धानको क्रममा देखिएको थियो। यसरी सो सरकारी जग्गा जालझेल गरेर निजीले आफ्नो बनाउने प्रपञ्च गर्दापनि सरकारले केही पनि गर्न/गराउन सकेको छैन।

महसुल उठाउने निर्णय गर्नुभएको थियो। लोडसेडिङ भएका बेला केही उद्योगीले अतिरिक्त बिद्युत सुविधा लिएबापतको महसुल नतिरेको प्राधिकरणको भनाइ छ। उद्योगीहरुले भने आफूहरुले प्रयोग नगरेकोभन्दै यसको प्रमाण दिन चुनौती दिइरहेका छन्। यसरी लामो समयसम्म उद्योगी र सरकारबीच बिवाद बढेको तथा पटक पटक बिद्युत लाइन काटिएको देखिएपछि नेपालमा उद्योगमा लगानीगर्न तयार भएका विदेशीहरु समेत पछाडि हटेका थिए।

## सहकारी....

स्यान्डर्ड मल्टीपर्पोज सहकारी सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गरिएको छ। समितिले चालु आर्थिक वर्षको अन्त्यसम्ममा सबै सहकारीको समस्या समाधान गर्नेगरी काम गरिरहेको बताउने गरिएको छ। भनिन्छ समितिमा कूल ३९ अर्ब ९३ करोड ५६ लाख ६६ हजार ७१० रुपैयाँ माग दाबी रहेका निवेदन प्राप्त भएका छन्। सहकारी संस्थाका पदाधिकारी, सञ्चालक तथा उनीहरुका आफन्तका नाममा सहकारीको रकम लुकाइएका कारण सम्पत्ति व्यवस्थापनबाट दायित्व भुक्तानगर्न कठिन हुने अवस्थाका सहकारी पनि छन्। सरकारले नियमित सञ्चालनमै रहेका सहकारीहरुलाई सहजरुपमा सञ्चालन गर्ने अवस्था सहजीकरणका लागि ०८१ को पुस १४ गते अध्यादेशमार्फत सहकारी नियमन प्राधिकरण स्थापना गरेको थियो। सो प्राधिकरण स्थापना भएपनि साविक राष्ट्रिय सहकारी विकास बोर्डकै संरचनालाई रुपान्तरण गरेर सञ्चालन गरिएकाले नाम फेरिँदैमा सो संरचनाले पनि आवश्यकताअनुसारको कामगर्न नसक्ने अवस्था रहेको जानकारहरुको भनाई छ। भौतिक सम्पत्ति पर्याप्त बजेट तथा जनशक्तिहुँदा पनि बिगतमै विकास बोर्डले पर्याप्त कामगर्न नसकेको र राजनीतिक हस्तक्षेपले थिलथिलो भइसकेकाले सहकारी क्षेत्रको सुधारभन्दा पनि व्यक्तिगत तथा राजनीतिक स्वार्थमा लिप्त भएको आरोप लाग्ने गरेको छ। साविक विकास बोर्डको आफ्नै सम्पत्ति खोजी तथा संरक्षण गर्नसमेत लाचार कर्मचारी संरचनालाई शुद्धीकरण र सुधार नगरी तदर्थ ढंगले चलेको प्राधिकरणले सहकारी क्षेत्रलाई सुशासन र स्वनियमनमार्फत् सकारात्मक सन्देश दिन कठीन भएको आरोप लाग्दै आएको छ। सहकारीको ठगीमा सीमित व्यक्तिहरुमात्र पक्राउ परेको र अधिकांश सरकारी संरक्षणमै भागेको बताउने गरिएको छ।